# जनतालाई नै नेतृत्व लिन दिंऊ




## बहिष्कृत समूहहरूसँग प्रभावकारी
## ढंगले काम गर्नका लागि सिकाइहरू

### नेपालमा चेपाङ समुदायको अनुभव

SNV
Connecting People's Capacities
Netherlands
Development
Organisation

Nepal Chepang Association

यस पुस्तिकामा प्रकाशित बिषयवस्तु, प्रस्तुत बिचार, निचोड तथा सारांशहरु लेखकका आफ्ना बिचारहरु हुन् । यसले नेदरल्याण्डस् बिकास नियोग तथा नेपाल चेपाङ संघका बिचार प्रतिबिम्बित गर्दैनन् । यस पुस्तिकामा प्रस्तुत गरिएका सामग्रीहरु नेदरल्याण्डस् बिकास नियोग र नेपाल चेपाङ संघले अनुमोदन गरेको वा कुनै देश, भूभाग, प्रशासन वा अधिकार तथा भू-सीमा प्रतिको कानुनी अवस्थाबारे अभिमत राखेको ठहरिने छैन ।

**Photographs courtesy of:**

आवरण फोटो सिडिओबाट प्राप्त भएको हो ।

पृष्ठ ८ र १६ (दायाँ) मा रहेका तस्विरहरू एस.एन.भी.बाट प्राप्त भएको हो ।

बाँकी तस्विरहरू ने.चे.सं. बाट प्राप्त भएका हुन् ।

**Cover photo:**

मकवानपुरमा सन् २००५ मा आयोजित भूमि अधिकारसम्बन्धी विरोध कार्यक्रम

नेपाली अनुबाद : मनोज कार्की ।

**एस. एन. भी. नेदरल्याण्डस् बिकास नियोग**
बखुनडोल, ललितपुर, नेपाल
पो. बक्स १९६६, काठमाण्डौं नेपाल
फोन न.: ५५२३४४४
फ्याक्स: ५५२३१५५
ईमेल: nepal@snvworld.org

**नेपाल चेपाङ संघ**
पुल्चोक, ललितपुर नेपाल
पो. बक्स ८९७५, ई. पि. सी. ९८४
फोन न.: ५५३९१४१
ईमेल: chepang@wlink.com.np

Copyright 2008 © SNV Netherlands Development Organisation and Nepal Chepang Association

# प्राक्कथन

नेपाल चेपाङ सङ्घ (ने.चे.सं.) र एस.एन.भी. बीचको सहकार्यले चेपाङ समुदायमा सकारात्मक परिवर्तनहरू ल्याउन योगदान पुऱ्याउन सक्नु निकै सन्तुष्टिको कुरा हो । एक दशक भन्दा लामो समयमा विभिन्न चरणहरूमा विविध भूमिकामा संलग्न तथा सहभागी सबैका लागि यो एक आपसमा सिक्दै जान्ने प्रक्रिया बन्न पुगेको छ । प्रारम्भमा एस.एन.भी.ले कार्यक्रम सहयोगका लागि आर्थिक सहयोग उपलब्ध गरायो र आजको दिनसम्ममा पनि परामर्शजन्यरसल्लाहकारीय सेवाहरू उपलब्ध गराउँदै आएको छ । यस्तो प्रकारको दीर्घकालीन सहयोगले चेपाङ मानव स्रोतको विकास र ने.चे.सं.को स्थापनामा योगदान पुऱ्याएको छ ।

सामाजिक परिवर्तनका लागि विभिन्न कर्ताहरूलाई कसरी संलग्न गराउने भन्नेबारे हामीले धेरै सिकेका छौँ । यस पुस्तिकामा प्रस्तुत गरिएका सफलताका सुत्र (कगअअभकक ।बअतयचक) र सिकाइहरू बहिष्कृत समूहहरूसँग काम गर्ने कुनै पनि विकास संग सम्बन्धित संस्थाका लागि व्यावहारिक/सान्दर्भिक हुने हामी विश्वास गर्दछौँ ।

दुवै पक्षको मूख्य सिकाइ 'जनतालाई आफ्नो विकासका लागि नेतृत्व आफैँ गर्न दिऊ' भन्ने हो । बहिष्करणलाई हटाउने कुनै त्यस्तो छोटो बाटो छैन भन्ने कुरा हामीले बुझेका छौँ । बहिष्कृत समूहहरूका व्यक्तिहरूलाईलाई सशक्त तुल्याउन र उनीहरूले आफ्ना अधिकारहरूको उपभोग गर्न सक्ने सुहाउँदो वातावरणको सिर्जना गर्न समय लाग्छ । पाठकहरूलाई हाम्रो कथा रोचक लाग्ने छ र त्यसले विकाससंग सम्बन्धित संस्थाहरूले बहिष्कृत समूहहरूसँग कसरी प्रभावकारी रूपमा काम गर्न सक्छन् भनेर उनीहरूलाई सोच्न मद्दत गर्नेछ भन्ने हामीले आशा गरेका छौँ ।

हाम्रो सहकार्यमा अर्को उल्लेखनीय खुड्किलो थप्न सफल यस दस्तावेजलाई सङ्ग्रह गर्नु भएकोमा हामी सिजु उपाध्याय (अनुसन्धानकर्ता), मासाको तानाका र रोज साद (एस.एन.भी.) लाई हामी धन्यवाद दिन चाहन्छौँ ।

गोविन्द राम चेपाङ
अध्यक्ष
नेपाल चेपाङ सङ्घ

हान्स् हेइजद्रा (Hans Heijdra)
राष्ट्रिय निर्देशक
एस.एन.भी. नेपाल

# आभार


सर्वप्रथम हामीलाई यस (case study) अध्ययनको धेरै विषयवस्तुमा विचारणीय सल्लाह सुझावहरू प्रदान गरेर हामीलाई प्रोत्साहित गर्नु हुने वि.सं. २०६३/६४का अन्तरिम राष्ट्रिय निर्देशक टम  डर्कसन लाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौं ।

एस.एन.भी. नेपालमा वि.सं. २०६४ भदौ/असोजमा भएको विचार मन्थन बैठकका सबै सहभागीहरूप्रति हामी कृतज्ञ छौँ । हामीले विभिन्न कर्ताहरू : ने.चे.सं.का सदस्य तथा कर्मचारी : जितेन्द्र चेपाङ, दलबहादुर चेपाङ, मञ्जु चेपाङ, विनोद गुरुङ; साझेदार गैससका कर्मचारीहरू : केड/सिकाउ की समिता प्रधान, सी.डी.ओ.का सोमत घिमिरे र फरवार्डका नेत्र प्रताप सेन; चे.मू.का.का सञ्चालक समितिका सदस्यका रूपमा नेपाल आदिवासी जनजाती राष्ट्रिय बिकास प्रतिष्ठानका जगत गुरुङ; इनेबलिङ स्टेट प्रोग्राम/डी.एफ.आई.डी.का सञ्जय राणा, र चेपाङहरूसँग विगतमा काम गरेका पूर्व कर्मचारी र बहिष्कृत समूहहरूसँग हाल काम गरिरहेका एस.एन.भी.का कर्मचारी साथीहरूबाट चेपाङ समुदायमा आएको परिवर्तनहरूबारे बहुमूल्य जानकारी प्राप्त गऱ्यौं । चेपाङहरूसँग धेरै वर्षदेखि काम गर्दै आउनु भएकी सी.ए.ई.डी./सीकाउका विजया सुब्बाले हामीलाई पुराना तस्बिरहरू पत्ता लगाउन र आफ्नो सङ्ग्रहबाट सान्दर्भिक तथ्याङ्कहरू उपलब्ध गराइ सहयोग गर्नुभयो ।

यो कार्य सम्पन्न गर्न र नेपालमा बहिष्कृत समूहहरूसँग अझ प्रभावकारी रूपमा सहकार्य गर्नमा .एस.एन.भी.को भूमिकाबारे प्रेरणादायी छलफल गरी सहयोग गर्नुहुने एस.एन.भी. नेपालका वासुदेव शर्मा, डायना ब्रान्ड्स, लीला रसाइली, निङ्मा ताम्राकार, रिक भान केउलेन, रूद्र सापकोटा, स्वस्ती प्रधान, सूचना पोखरेल (पाण्डे), तेजराज दाहाल र एस.एन.भी. लाओस्का निकोलेट माथिस्जेसन प्रति हामी आभारी छौँ । विश्वका विभिन्न भागहरूबाट आफ्ना सुझावहरू पठाउनुहुने राजेश श्रेष्ठ र क्यारोल ग्रिवनाउ लगायत एस.एन.भी. नेपालका पूर्व कर्मचारीहरू प्रति अनुगृहित छौँ ।

अन्त्यमा हामीलाई स्थलगत भ्रमण, अन्तर्वार्ताहरूमा सहयोग गरी तथ्याङ्क तथा अभिलेखहरू सम्बन्धी हामीमा अन्तरनिहित जिज्ञासाहरूलाई अन्तिम चरणसम्म सम्बोधन गर्नुहुने चेपाङ युवा नेताहरू, ने.चे.सं.का महासचिव सन्त बहादुर चेपाङ र कार्यालय सहायक अभय चेपाङप्रति हामी ऋणी छौँ । यस प्रक्रिया अवधि भर हामी उहाँहरूमा आएको परिवर्तनबाट फेरि पनि प्रभावित भयौँ । विशेषतः चेपाङ समुदायका सदस्यहरूले हामीलाई उपलब्ध गराउनु भएको व्यक्तिगत जीवन कथाहरूले हामीलाई मर्माहत तुल्यायो ।

यस अभिलेखन प्रक्रियाका लागि आर्थिक सहयोग तथा समर्थन उपलब्ध गराउने एस.एन.भी. एसिया शासन संजाल (Governance Network) को पनि हामी प्रशंसा गर्दछौँ ।

# विषयसूची


| | |
|---|---|
| **प्राक्कथन** | **क** |
| **आभार** | **ख** |
| **सार सङ्क्षेप** | **ङ** |
| **संक्षिप्त शब्दहरूको सूची** | **छ** |
| **आरम्भ** | **ज** |
| **१. सन्दर्भ** | **१** |
| १-१ विकासको मुद्दामा परिवर्तन | १ |
| १-२ नेपाल - यसको विविधता र समावेशीकरणका मुद्दा | २ |
| **२. एस.एन.भीको ध्येय र विशेषता** | **४** |
| २-१ मूल ध्येय | ४ |
| २-२ एस.एन.भीको कार्य क्षेत्र | ४ |
| २-३ अवधारणाका रूपमा क्षमता अभिवृद्धि | ५ |
| २-४ सेवाग्राही संस्था (Client) छनोट | ६ |
| २-५ सशक्तीकरणबाट सामाजिक समावेशीकरण तर्फ | ६ |
| **३. चेपाङका कथाहरू** | **८** |
| ३-१ चेपाङ जाति | ८ |
| ३-२ नेपाल चेपाङ सङ्घ (ने.चे.स.) - आदिवासीहरूको आफ्नै सङ्गठन (आई.पी.ओ.) | ९ |
| ३-३ चेपाङ समुदायसँग एस.एन.भी नेपालको अन्तरक्रिया/सम्बन्ध | १० |
| ३-४ चेपाङ समुदायमा उल्लेखनीय अवसरहरू | १८ |
| **४. सफलताका सुत्रहरू** | **२०** |
| ४-१ बहिष्कृत समूहहरूसँग काम गर्दा उपयोगी सुझावहरू | २० |
| ४-२ साझेदारीमा काम गर्ने | २३ |
| **५. सिकेका पाठहरू** | **२७** |
| ५.१ समीक्षा र योजनाका लागि सामान्य पाठहरू | २७ |
| ५.२ एस.एन.भीमा सल्लाहकारीय सेवा कार्यको सन्तुलन | २९ |
| **६. एस.एन.भीको सफल अनुभवको अन्य बहिष्कृत समूहहरूमा विस्तार (replication) अंगिकार** | **३२** |
| ६-१ वकालत र सेवा आपूर्तिमा सहयोगको सन्तुलन | ३२ |
| ६-२ बहु सरोकारवाला वातावरणमा प्रक्रिया सहजीकरण वा मध्यस्थता | ३३ |
| ६-३ मध्यस्थता, सञ्जालीकरणमा बढ्दो भूमिका र बजार विकासमा थप सम्पर्क विन्दुहरू | ३४ |
| **७. निष्कर्ष र भविष्यको मार्ग दर्शन** | **३६** |
| **अन्त्य** | **३८** |
| **सन्दर्भ सामग्री** | **३९** |

## तालिकाहरूको सूची


| | | |
|---|---|---|
| तालिका १ : | सन् २००१ को जनगणनामा जाति/धार्मिक समूहहरू | २ |
| तालिका २ : | चेपाङ कार्यक्रमका लागि खर्च भएको बजेट | १० |
| तालिका ३ : | काम गरेका कर्मचारीको सङ्ख्याको सिँहावलोकन | ११ |
| तालिका ४ : | योजनाका अंशहरू तथा कार्यान्वयन गैसस सञ्जाल साझेदारहरू | १४ |
| तालिका ५ : | चेपाङ समुदायमा मुख्य घटनाक्रमहरू | १६ |


## कोष्ठकहरूको सूची


| | | |
|---|---|---|
| कोष्ठक १ : | न्यायका लागि सङ्घर्ष गर्दै - धादिङका जितेन्द्र चेपाङको जीवन कथा | ९ |
| कोष्ठक २ : | अनियमित शिक्षकहरू विरुद्ध दावी | २० |
| कोष्ठक ३ : | स्वफूर्त समुदायलाई सहजीकरण- चितवनकी सुन्तली माया चेपाङको जीवन कथा | २४ |


## चार्टहरूको सूची


| | | |
|---|---|---|
| चार्ट १ : | सन् २००७ सम्ममा सशक्तीकरण र एस.आइ.जी.ई.को मूलप्रवाहीकरणका लागि एस.एन.भीको कार्यशैली | ७ |
| चार्ट २ : | चेपाङ वासस्थान जिल्लाहरु (नेपालको नक्शा) | |

# सार सङ्क्षेप

एस.एन.भी. नेपाल विगत १५ वर्ष देखि अति सीमान्तकृत आदिवासी चेपाङ समुदायसँग काम गर्दै आएको छ। यस अध्ययनले (अबकभ कतगमथ) एस.एन.भी.का कार्यक्रमहरू, त्यसले ल्याएको प्रभाव र एस.एन.भी. र बहिष्कृत समूहहरू बीचको बदलिँदो सम्बन्धलाई अभिलेखन गर्ने काम गरेको छ। यसले सिकेका सान्दर्भिक पाठहरूलाई  दुवै अन्तरराष्ट्रिय तथा राष्ट्रिय संस्थाहरूमा काम गर्ने विकाससंग संबन्धित कार्यकर्ताहरूका लागि प्रस्तुत गर्दछ छन्।

अध्ययनले एस.एन.भी.को कार्यान्वयनकर्ता बाट एउटा सहयोगी तथा क्षमता अभिबृद्धिकर्ता हुँदामा आएको परिवर्तनले पारेको प्रभावलाई व्याख्या गर्ने काम गर्दछ। बदलिँदो शक्ति सम्बन्ध बारे सोचाइको विकास गर्न र धेरै साझेदारहरूसँगको कामको माध्यमबाट सशक्तीकरणलाई कसरी सम्भव बनाउने भन्ने बारे स्पष्ट बुझाइ उपलब्ध गराउनमा यो निकै सान्दर्भिक छ। सन्देशहरूलाई चेपाङ महिला तथा पुरूषहरूका सशक्तीकरणका छोटा व्यक्तिगत कथाहरूले अझ प्रभावकारी बनाउने काम गरेको छ।

एस.एन.भी. नेपालले मौरीपालनका लागि प्रदान गरेको सहयोग चेपाङहरूसँगको सम्बन्धको सुरुवात थियो। वि.सं. २०५४/५५ मा अझ विस्तृत सामुदायिक विकास कार्यक्रमको थालनी भयो। कार्यक्रमको उद्देश्य चेपाङहरूको जीवनस्तर र 'दावी/माग गर्न सक्ने' क्षमतामा सुधार ल्याउनु रहेको थियो। परियोजनाका दोस्रो चरण पश्चात् एस.एन.भी. एउटा कार्यान्वयनकर्ताबाट सल्लाहकारको भूमिकामा प्रवेश गर्‍यो। कार्यक्रम अन्य जिल्लाहरूमा पनि विस्तार गरियो र त्यसको कार्य क्षेत्रमा शिक्षा र खाद्य सुरक्षामा सुधार ल्याउनुका अतिरिक्त आधारभूत अधिकारका विषयवस्तुहरू पनि समावेश गरियो। परियोजना अवधिभर चेपाङहरू नेपालको राज्य पुनःसंरचनाका बेला बढ्दो आदिवासी जनआन्दोलनमा पनि सक्रिय रूपमा सहभागी भए।

उपलब्धीहरुमा कृषि सहकारीको स्थापनाको माध्यमबाट आयमा वृद्धि, सुदृढ पहिचान, नागरिकता र भूमि अधिकार; शिक्षामा पहुँच र नीति निर्माण र राजनीतिक वृत्तमा प्रभाव रहेका छन्। त्यसैले कार्यक्रममा भएका उपलब्धीहरु र चेपाङहरूमा भएको सशक्तीकरणले गर्दा शक्ति सम्बन्धमा परिवर्तन आयो।

योगदान पुर्‍याउने सफलताका सुत्र र सिकिएका पाठहरू असङ्ख्यक र केही जटिल छन्। बहिष्कृत समूहका आवश्यकता र अनुभवहरूलाई वास्तविक रूपमा बुझ्न र समानुभूति राख्न सम्बन्धित  सेवाग्राही संस्था संग एउटा आपसी विश्वासको सम्बन्ध स्थापित गरेर सुरुवात गर्न जरुरी हुन्छ। कार्यक्रमको केन्द्र विन्दुमा बहिष्करण आधारभूत अधिकारबाट वञ्चित गर्ने कार्यको प्रतिफल हो भन्ने मान्यताको अधिकारमा आधारित अवधारणा समावेश हुनुपर्दछ। अन्तरराष्ट्रिय तथा राष्ट्रिय परामर्शदाताहरूको संयुक्त संलग्नता रहेको अवस्थामा सेवाग्राही संस्था (ऋष्मिलत) को बदलिँदो आवश्यकताहरू प्रति लचिलो भई उनीहरूलाई आफ्नै मावनस्रोत तथा प्राविधिक सहयोगको विकास गर्न सक्षम बनाउने गरी तय गरिएका कार्यक्रमहरू सबैभन्दा प्रभावकारी हुने पाइयो। कुनै कार्यक्रम एकल रूपमा विकसित हुने खतरा रहेको हुन्छ र राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा त्यस क्षेत्रमा कार्यरत अन्य पात्रहरूसँग सम्बन्धित रहने प्रयासहरू गरिनुपर्दछ। प्रगति र प्रभावलाई समान तथा समन्वयात्मक रूपमा मापन गर्न कार्यक्रमहरूलाई राष्ट्रिय सूचक अनुरूप बनाउनुका फाइदाहरू पनि छन्। यसले बहिष्कृत समूहहरूमा हुने प्रयासहरूलाई अझ लक्षित वर्ग तथा समुदायमा केन्द्रित गर्न पनि मद्दत गर्दछ।

एकपटक सङ्गठित भइसकेपछि बहिष्कृत समूहहरू सेवा आपूर्तिको भूमिकातर्फ धकेलिने प्रवृत्ति रहेको पाइयो किनभने दातृ निकायबाट आर्थिक सहयोग बढी सजिलै उपलब्ध हुने गर्दछ। यसको फलस्वरूप केही हदसम्म उनीहरूको सुरुको हेराई वा अन्तरदृष्टिमा केन्द्रविन्दुको कमि आउने गर्दछ। त्यसैले विकासमा संलग्न संस्थाहरूले सेवा आपूर्ति मात्र नभई उदाहरणका लागि वकातलसम्बन्धी कार्यलाई कसरी सहयोग गर्ने भन्ने बारेमा विचार गर्नु जरूरी छ र दिगो विकास सुनिश्चित गर्नका लागि आर्थिक स्रोतका अवसरहरू सुरक्षित गर्न सञ्जालीकरण र मध्यस्थता (brokering) मा सहयोग गर्नुपर्दछ।

# सङ्क्षिप्त शब्दहरूको सूची

| | |
|---|---|
| असऐड | अन्तरराष्ट्रिय विकासका लागि अस्ट्रेलियाली नियोग |
| केड/सिकाउ | कृषि पर्यावरण विकास केन्द्र/पर्यावरण, कृषि तथा सामुदायिक कार्यसम्बन्धी विद्यालय |
| सी.बी.ओ. | समुदायमा आधारित संस्था |
| सी.डी.ओ. | सामुदायिक विकास संस्था |
| चे.मु.का. | चेपाङ मूलप्रवाहीकरण कार्यक्रम |
| सी.टी.पी. | केन्द्रीय तराई पोर्टफोलियो |
| जिविस | जिल्ला विकास समिति |
| ई.फए. | सबैका लागि शिक्षा |
| फरवाड | ग्रामीण कल्याणका लागि मञ्च र विकासका लागि कृषि सुधार |
| आई.पी.ओ. | आदिवासी जन सङ्गठनहरू |
| एम.डी.जी. | सहस्राब्दी विकास लक्ष्यहरू |
| एम.टी.आर. | मध्यकालीन समीक्षा |
| ने.चे.सं. | नेपाल चेपाङ सङ्घ |
| नेफिन | नेपाल आदिवासी जनजाति महासङ्घ |
| नेफडिन | आदिवासी जनजाति उत्थान राष्ट्रिय्रय विकास प्रतिष्ठान |
| इको, नेदरल्याण्ड. | विकास सहयोगका लागि अन्तरचर्च सङ्गठन, नेदरल्याण्ड |
| पी.सी.डी.पी.१ | प्रजा समुदायिक विकास कार्यक्रम |
| पी.सी.डी.पी.२ | प्रजा क्षमता विकास कार्यक्रम |
| पी.भी.पी. | प्रजा विकास कार्यक्रम |
| आर.बी.ए. | अधिकारमा आधारित अवधारणा |
| आर.एच.ओ. | अधिकारवालाहरूको सङ्गठन |
| एस.आइ.जी.ई. | सामाजिक समावेशीकरण र लैङ्गिक समता |
| गाविस | गाउँ विकास समिति |
| गैसस | गैरसरकारी संस्था |

# आरम्भ

वि.सं. २०६४ मा काठमाडौँको एउटा सभागृहमा सम्पन्न 'संविधान निर्माणमा अति सीमान्तकृत जनताको सहभागिता' विषयक कार्यशालामा गोरखाकी दुई वर्षे छोराकी आमा सरला चेपाङले समापन मन्तव्य व्यक्त गरिन्। कार्यशालाको आयोजना चेपाङ मूलप्रवाहीकरण कार्यक्रम

(चे.मू.का..)को गैसस समुहका साझेदार संस्था सामुदायिक विकास संस्था (सी.डी.ओ.)ले गरेको थियो। कृषि पर्यावरण विकास केन्द्र/पर्यावरण, कृषि र सामुदायिक कार्यसम्बन्धी विद्यालय

(केड/सिकाउ) की कार्यकारी निर्देशक समिता प्रधान (एस.एन.भी.की पूर्व कर्मचारी जसले सन् १९९० को दशकमा चेपाङहरूसँग काम गरेकी थिइन्) सरलालाई देख्दा प्रभावित भइन्। कुनै राष्ट्रिय कायक्रममा सयौं श्रोताहरूको सामुन्ने उभिएर कुनै युवा चेपाङ महिलाले मन्तव्य दिनेछन् भन्ने कुरा दुई दशक अघिसम्म कसैले सोच्न पनि सक्दैनथ्यो। आज सार्वजनिक कार्यक्रमहरूको मञ्चमा युवा चेपाङ नेताहरू आसिन रहेको देख्न पाउनु त्यति कठिन छैन। नेपालमा आदिवासीहरूको अधिकार प्रवर्द्धन गर्ने कुनै पनि कार्यक्रमका लागि उनीहरू अत्यावश्यक स्रोत हुन्।

नेपाल चेपाङ संघका अध्यक्ष गोविन्द राम चेपाङ आफ्नो संस्थाको विकासमा लागि रहने प्रतिबद्धता यसरी व्यक्त गर्छन् :

> *बाहिरका धेरै सर्मथकहरूको सहयोगबाट ने.च.सं.को स्थापना र सुदृढीकरण गर्ने हाम्रा चेपाङ दाजुभाई दिदिबहिनीले हासिल गरेको उपलब्धिबाट म गौरवान्वित भएको छु। एस.एन.भी. बाट दश वर्षभन्दा बढी समय निरन्तर सहयोग प्राप्त गर्ने हामी चेपाङहरू भाग्यमानी छौं। हाम्रा प्रयासहरूको सिको अन्य बहिष्कृत समूहहरूले पनि गर्छन् र ने.च.सं.लाई एउटा सफल आदिवासी सङ्गठनको रूपमा लिइनेछ भन्ने कुरा मैले कहिल्यै आशा गरेको थिइन। तर अझैपनि ने.च.सं. मा कमजोरीहरू रहेको म पाउँछु र सबै कुरा आफैले गर्न हामी हालसम्म पूर्ण रूपले तयार भइसकेका छैनौं। तर विगतका योजना अवधिहरूमा हामीले कम्तिमा पनि अरुसँग राम्रो सञ्जालको विकास गरेका छौं। हाम्रा प्रयासहरूलाई हामी अवश्यपनि निरन्तरता दिनेछौं र अन्य बहिष्कृत समूहहरूसँग अझ बढी काम गर्नेछौं। अरुबाट सहयोग प्राप्त गर्नमा हामीलाई कुनै संकोच छैन किनभने हामी समाजको अन्य पक्षहरूबाट अब अलग रहेनौं। एसएनभीले हामीलाई आत्मविश्वास र सम्मान प्रदान गर्‍यो, जुन हाम्रा लागि सबैभन्दा बहुमुल्य सम्पत्तिको रूपमा रहेको छ।*

# १. सन्दर्भ

## १-१ विकासको मुद्दामा परिवर्तन

चेपाङ समुदायसँग काम गरेको अनुभवको पुनरावलोकन गर्ने कार्यलाई गरिबी न्यूनीकरणमा हुने प्रभावलाई कसरी दर्शाउने गर्ने भन्ने विश्वव्यापी एजेन्डाको बृहत् सन्दर्भमा जोडेर हेर्दा उपयोगी सावित भएको छ। सहस्राब्दी विकास लक्ष्यहरू (संयुक्त राष्ट्रसङ्घ/एम.डी.जी.) को स्थापना विकासको संसारमा विकास सहयोगका उद्देश्यहरूलाई बढाउनुपर्ने आवश्यकता माथि बढ्दो चेतनाको एउटा बलियो उदाहरण हो। विगतको दशकमा उत्तर-दक्षिण सहयोगका सम्बन्धमा बहसहरू पनि भएका छन् र हाल दक्षिण-दक्षिण सहयोगलाई अझ बढि प्रवर्द्धन गर्ने चाहना रहेको छ।

यो एजेन्डाका बाबजुद धनी र गरिब बीचको दूरी बढेको छ र विश्वव्यापीकरणका फाइदाहरूबाट गरिबहरूले लाभ उठाउन सकेका छैनन्। गरिबीलाई अहिले बृहत् शब्दावलीमा न्यून आयको अवस्था मात्र नभई, सम्पत्ति, क्षमता र विचारमा  अपर्याप्त पहुँचका रूपमा पनि परिभाषित गरिन्छ। त्यसो हुनुको मूल कारण व्यक्ति र समुदाय बीचको शक्ति वितरणमा असन्तुलन हो। त्यसैकारण गरिबहरूलाई नयाँ अवसरहरूबाट टाढा राख्ने जटिल बहिष्कारजन्य प्रक्रियाहरूको समाधानका लागि उच्च आर्थिक वृद्धि दर अपर्याप्त छ। एस.एन.भी.ले त्यसैकारण आफ्ना विकासका उद्देश्यहरू परिभाषित तथा व्यवस्थापन गर्न स्थानीय समुदायहरूको सशक्तीकरणको प्रवर्द्धनलाई उच्च महत्व दिने गर्दछ।

सन् २००२ मा एस.एन.भी.ले गरिबी र सामाजिक तथा राजनीतिक क्षेत्रमा त्यसका संरचनात्मक कारणहरू सम्बन्धी नयाँ बुझाइको अवलम्बन गरेको थियो :

> *"गरिबी भन्नाले दिनमा एक डलर भन्दा कम खर्चमा बाँच्ने मानिसहरूको प्रतिशतलाई मात्र बुझाउँदैन। गरिबहरूका स-साना समूहहरूलाई बढी कमाउन र राम्रोसँग खान र पिउन मद्दत गर्दैमा त्यसले उनीहरूको गरिबीको संरचनात्मक कारणहरूमा आधारभूत परिवर्तन ल्याउँदैन भन्ने कुरा हामीले अनुभव गरेका छौं। अन्याय र शोषणलाई जन्म दिने अत्याधिक सामाजिक तथा राजनीतिक र आर्थिक असमानता र असमताहरूलाई समाज र त्यसका संस्थाहरूले परिवर्तन गर्न असफल भएकाले गर्दा गरिबी रहेको छ भन्ने कुरा हामीले सिकेका छौं।"*

शक्ति राष्ट्रिय तथा स्थानीय स्तरमा राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक नियमहरूमा प्रकट हुन्छ र यसवाट मानिसहरूको विशेष प्रकारका समूह प्राय: गरिबहरू विरुद्ध भेद्भाव गर्दछ। त्यसैकारण समाजमा निसशक्तीकरणका मुद्दाहरूलाई सम्बोधन गर्नका लागि शक्ति सन्तुलनमा परिवर्तन ल्याउन आवश्यक छ।

विकासको क्षेत्रमा गरिबी विश्लेषणमा मानव अधिकार दृष्टिकोणलाई थप्दा अधिकारमा आधारित अवधारणा (आर.बी.ए.) पनि अगाडी आउँछ। मानव अधिकारलाई विश्वव्यापी मूल्यका रूपमा व्याख्या गरिन्छ जसले विश्वमा जो कोहीको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई सुनिश्चित गर्दछ। यद्यपि राज्य, समाज वा प्राय: आफैं समुदाय भित्रबाट हुने बहिष्करणले गर्दा केही निश्चित समूहका मानिसहरूलाई अधिकारहरूबाट वञ्चित गरिन्छ, जस्तै: निश्चित आदिवासी तथा जातीय समूहहरू, महिला,

अपाङ्गता भएका व्यक्तिहरू आदि । आफ्ना अधिकारहरूबाट उनीहरू वञ्चित हुनुमा सामाजिक बहिष्करण एउटा प्रमुख कारण भएको हुनाले बहिष्कृत समूहका व्यक्तिहरू आफ्नै समूहहरू गठन गरिरहेका छन् :

अधिकारवालाहरूका सङ्गठनहरू (आरएचओ) । यी सङ्गठनहरूले उनीहरूका केही निश्चित अधिकारहरूलाई सम्बोधन गर्दछन् जस्तै : विद्यालय शिक्षामा आफ्नो मातृभाषा प्रयोगका लागि अभियान सञ्चालन गरिरहेका आदिवासीहरू ।

सरकारलाई सबैको अधिकार सुनिश्चित गर्न पहिलो 'जिम्मेवार निकाय'का रूपमा लिने गरिन्छ । तथापि विकासको दृष्टिकोणले निजी क्षेत्र र अन्य नागरिकहरू पनि कर्तव्यदायी हुन् र सामाजिक परिवर्तनमा योगदान पुऱ्याउन जिम्मेवार छन् । अधिकारमा आधारित अवधारणामा मानिसहरूलाई अधिकारवाला वा कर्तव्यदायी के हो भन्ने बारे आफ्नो अवस्थाको स्पष्ट बुझाइका साथ आफ्ना अधिकारहरूको दावी तथा उपभोग गर्न र आफ्ना जिम्मेवारीहरू पूरा गर्न प्रोत्साहित गरिन्छ । सरकार र/वा अन्य सरोकारवाहरूलाई प्रभावित गर्न जनतालाई सक्षम बनाउँदै असल शासनलाई सम्बोधन गर्न पनि अधिकारमा आधारित अवधारणा महत्वपूर्ण छ । नेपालमा राज्यको पुन:संरचनामा समावेशी प्रजातन्त्रको प्रवर्द्धन गर्ने विकासे संस्थाहरूले अधिकारमा आधारित अवधारणालाई बृहत रूपमा अवलम्बन गरेका छन् ।

## १-२ नेपाल - यसको विविधता र समावेशीकरणका लागि मुद्दा

वि.सं. २०६३ मा नेपाल एक हिन्दु राजतन्त्रात्मक अधिराज्यबाट धर्म निरपेक्ष राज्य बन्न पुग्यो । र एक दशक लामो द्वन्द्व र जनआन्दोलनको फलस्वरूप यो अब थप परिवर्तन हुँदै सम्भवत: गणतन्त्र बन्न जाँदैछ । यी पछिल्ला परिवर्तनहरूका कारण समावेशी प्रजातन्त्र राष्ट्रिय मुद्दाको मूल विषय बन्न पुगेको छ, । यसले नै संविधानसभा र राज्यको पुन:संरचनालाई निर्देशित गर्नेछ । यी परिवर्तनमा योगदान पुऱ्याउने प्रमुख कारक तत्वहरूमा नेपालीहरूबीच रहेको व्यापक र निरन्तर असमानता र पहिचान तथा विविधता सम्बन्धी बढ्दो बहस रहेका छन् ।

वि.सं. २०५७/५८ मा भएको जनगणनामा जाति, जातीयता, धर्म र भाषाको आधारमा १०३ सामाजिक समूहहरू सूचीकृत भएका थिए भने दस प्रमुख समूहहरूमा विभाजित भएका थिए ।

**तालिका १ : सन् २००१ को जनगणनामा जाति/धार्मिक समूहहरू**

| | जनसङ्ख्या दर | % |
|---|---|---|
| हिन्दु जाति समूहहरू (५७.५ %) | पहाडी ब्राह्मण र क्षेत्री | ३०.३ |
| | तराई/मधेसी ब्राह्मण र क्षेत्री | १.९ |
| | तराई/मधेसी मध्यम जातिहरू | १२.९ |
| | पहाड दलित | ७.१ |
| | तराई दलित | ४.७ |
| जनजातिहरू (३२.२ %) | नेवार | ५.५ |
| | पहाडी जनजाति | २३ |
| | तराई/मधेसी जनजाति | ८.७ |
| मुसलमान (४.३ %) | मुसलमान | ४.३ |
| अन्य (१ %) | अन्य | १ |

*(स्रोत: डीएफआईडी/विश्व बैङ्क सन् २००६ बाट उद्दृत)*

नेपालका यी विविध समूहका मानिसहरूलाई वि.सं. १९१० देखि नै समान रूपमा व्यवहार गरिएको थिएन र मुलुकी ऐनले पाँच विभिन्न तहहरूमा वर्गीकृत गरेको थियो । यसले हिन्दु उच्च जातिलाई सबैभन्दा माथि र दलित हिन्दु 'अछूत' लाई सबैभन्दा तल राख्ने काम गर्‍यो । हिन्दु मध्यम जातिहरू, जनजाति-जातीय समूहहरू र अन्यलाई 'मतवाली' को वर्गमा राखी बीचको स्थान दिने काम भयो । जातमा आधारित भेद्भावको अन्त्य आधिकारिक रूपमा वि.सं. २०२० मा नै भए तापनि यो अझै पनि दैनिक अभ्यासमा विद्यमान छ, जसले आर्थिक तथा राजनीतिक शक्ति असन्तुलन सिर्जना गरेको छ ।

आयमा गरिबीका अन्य अवधारणाहरूको तुलनामा सामाजिक बहिष्करणको अवधारणाले आर्थिक असमानताहरू भन्दा पर अन्य प्रकारका सीमान्तकृतीकरणलाई हेर्ने काम गर्दछ । विशेषगरी यो प्रायः साँस्कृतिक मान्यता र कानुनले वैधानिक तुल्याउने पहिचानमा आधारित भेद्भावका साथै जातीयता, धर्म र उद्‌गमस्थलको आधारमा हुने भेद्भावमाथि केन्द्रित हुने गर्दछ ।

बहिष्कृत समूहहरूको उदाहरणहरूमा जनजाति, दलित, मधेसी, महिला र अन्य समूहहरू जस्तैः धार्मिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिहरू, लिङ्गको आधारमा अल्पसङ्ख्यकहरू, र दुर्गम क्षेत्र, उदाहरणका लागि, कर्णालीका जनताहरू रहेका छन् । यी समूहले उनीहरूको बहिष्करणलाई चुनौती दिन र विविध तहको राजनीतिक प्रतिनिधित्वके लागि दावी गर्न सुरु गरेका छन् । बहिष्करणको अवस्था विभिन्न समूहहरूका लागि राष्ट्रिय देखि घरपरिवारको तहसम्म उनीहरूको अवस्थाको आधारमा फरक फरक छ र भेद्भावलाई विभिन्न तरिकाले अभ्यास गरिन्छ । उदाहरणका लागि जनजातिहरूले प्रायः आफ्नो जातीय पहिचान, भाषा र साँस्कृतिक परम्पराहरू कानुन, नीति, श्रोत बाँडफाँड र राष्ट्रिय स्तरमा प्रतिनिधित्वका कारण प्रायः उपेक्षा र अस्वीकृत गरिएको पाउँछन् ।  दलितहरूले सामुदायिक स्तरमा बढी समस्याहरूको सामना गर्नुपर्ने हुन्छ, जहाँ जातमा आधारित भेद्भाव अझै पनि अभ्यास र अनुभव गरिन्छ । महिलाहरू घरपरिवार स्तरमा दैनिक रूपमा सङ्घर्ष गर्दछन्, जहाँ सामाजिक मान्यता तथा विश्वासहरूको कडा रूपमा पालन गरिन्छ र त्यसले उनीहरूको कमजोर अवस्थालाई जोड दिने काम गर्छ । भेद्भावको प्रभावका समान पक्षहरू पनि रहेका छन् : जनजाति र दलित, भूमिहीन मधेसी सबैले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न जटिलताका कारण उनीहरू निर्वाचनमा भाग लिन, सम्पत्ति प्राप्त गर्न र वैदेशिक रोजगारका अवसरका लागि आवेदन दिनबाट समेत वञ्चित हुन्छन् ।

# २. एस.एन.भी.को ध्येय र विशेषताहरू

## २-१ मूल ध्येय

एस.एन.भी. नेदरल्यान्ड्समा मुख्यालय रहेको अन्तरराष्ट्रिय विकास संस्था हो जसले एसिया, अफ्रिका, ल्याटिन अमेरिका र बाल्कन राज्यहरूका ३३ देशहरूमा सरकार, नागरिक समाज र निजी क्षेत्रका संस्थाहरूलाई क्षमता अभिवृद्धि सेवाहरू प्रदान गर्दछ । सुरुमा यो संस्था दक्षिणका समूहहरूसँग आफ्नो ज्ञान बाँड्न र ती देशहरूमा मध्यम तहको व्यवस्थापन सीपहरूको विकास गर्न सहयोग गर्न युवा डच स्वयम्सेवीहरूको परिचालनमा केन्द्रित रह्यो । सन् १९९० को दशकको सुरुमा यो संस्था एउटा व्यावसायिक, विज्ञमा आधारित विकास संस्थाको रूपमा विकसित भयो । सन् २००२ सम्म एस.एन.भी. विकास सहयोगसम्बन्धी डच मन्त्रालयअन्तर्गत रहेको थियो तर हाल यो एउटा स्वतन्त्र अन्तरराष्ट्रिय विकास संस्थाको रूपमा रहेको छ ।

## २-२ एस.एन.भी.को कार्य क्षेत्र

एस.एन.भी.ले नेपालमा वि.सं. २०३६/३७ बाट काम सुरु गर्‍यो र वि.सं. २०५२/५३ सम्म सरकारी निकायहरूसँग काम गर्दै यो एउटा कार्यान्वयन निकायको रूपमा रह्यो । एस.एन.भी. नेपालले सामुदायिक विकास, पूर्वाधार बिकास कार्यक्रम, बायोग्यास सहयोग र महिला अधिकारमा योगदान पुर्‍याउँदै मेची (पूर्व) र कणाली (मध्य पश्चिम) क्षेत्रलगायत देशका विभिन्न भागहरूमा काम गर्‍यो, र ती क्षेत्रहरूमा आज पनि कार्यरत छ । वि.सं. २०५६/५७ बाट एस.एन.भी. संस्थागत विकास र स्थानीय स्वामित्वको प्रवर्द्धनमा बढी जोड दिँदै यस क्षेत्रमा आधारित कार्यक्रमको अवधारणा तर्फ उन्मुख रहयो । वि.सं. २०५९/६० मा पनि परियोजना कार्यान्वयबाट बाहिर आउने क्रमले निरन्तरता पायो जब यसको कार्य क्षेत्र क्षमता अभिवृद्धि सल्लाहकार सेवा ।

वि.सं. २०६४ अघि एस.एन.भी. नेपालले सात अभ्यास क्षेत्रमा विशेषता हासिल गरेको थियो :

१. विकेन्द्रिकृत प्राकृतिक श्रोत व्यवस्थापन
२. व्यवसाय विकास सेवामा केन्द्रित गरिबका लागि बजार पहुँच
३. गरिब लक्षित दिगो पर्यटन
४. बायोग्यास र नवीकरणीय ऊर्जा
५. समुदाय द्वारा निर्मित ग्रामीण पूर्वाधार
६. स्थानीय शासन
७. सामाजिक समावेशीकरण र लैङ्गिक समता

वि.स. २०६४ को पौषमा एस.एन.भी.ले दुई प्रभाव क्षेत्रहरू : आधारभूत सेवा आपूर्ति, र उत्पादन, आय तथा रोजगारमा केन्द्रित नयाँ रणनीतिक मार्ग/दिशा अवलम्बन गर्‍यो । सम्भावित प्रभाव बढाउन एस.एन.भी.ले आफू संलग्न हुने क्षेत्रहरूको समूहमा कमी ल्यायो । एस.एन.भी. नेपालका लागि निम्न विकल्पहरू प्राथमिकताका क्षेत्रका रूपमा पहिचान गरियो :

आधारभूत सेवा आपूर्ति :

स्वास्थ्यका लागि पानी र सरसफाइ

नवीकरणीय ऊर्जा - सुधारिएको पानी घट्ट, बायोग्यास

उत्पादन, आय र रोजगार :

वन - काठ र गैरकाष्ठ वन पैदावर

कृषि - साना नगदे बाली

पर्यटन - गरिब लक्षित दिगो पर्यटन

एस.एन.भी.ले सबै क्षेत्रमा सञ्चालन भइरहेका क्षमता अभिवृद्धि कार्यका लागि प्रमुख विषयवस्तुका रूपमा 'सशक्तीकरणका लागि शासन'को अवधारण अघि सार्‍यो। एस.एन.भी. एसियाले त्यसलाई निम्न रूपमा परिभाषित गर्‍यो :

*"दिगो गरिबी न्यूनीकरण हासिल गर्न विकासमा सहभागी भई त्यसबाट लाभ उठाउन बहिष्कृत जनताका क्षमता, आवाज र विकल्पहरूलाई सुदृढ बनाउन मानसिकता, व्यवहार र प्रणालीहरूमा परिवर्तन ल्याउने प्रक्रियालाई सहजीकरण गर्ने"*

नयाँ रणनीतिमा एस.एन.भी. समान चासो र कुनै निश्चित क्षेत्र(हरू)मा योगदान पुर्‍याउन सक्ने क्षमता भएका बहिष्कृत समूहहरूमाथि सेवाग्राही संस्थाको रूपमा केन्द्रित हुनेछ। बहिष्कृत समूहहरूका व्यक्तिहरूमा हाल अन्तर सम्बन्धहरू कम पाइने क्षेत्रहरूमा समावेशी प्रभाव हासिल गर्नका लागि विविध क्षेत्रका संस्थाहरूसँग काम गरेको अनुभव पनि एउटा आवश्यक पूर्वसर्तका रूपमा रहनेछ ।

## २.३ अवधारणाका रूपमा क्षमता अभिवृद्धि

सन् २००० यता एस.एन.भी.ले दिगो गरिबी न्यूनीकरणको मर्म र सुदृढ बुझाइको आधारमा आफ्नो भूमिकामा स्पष्ट वुझेरै समायोजन गर्‍यो। प्राविधिक सहयोगमात्र उपलब्ध गराउने वा एकल रूपमा काम गर्ने भन्दा पनि एस.एन.भी.ले स्थानीय संस्थाहरूको क्षमतामा सुधार ल्याउन उनीहरूमा भएको सीप र क्षमतालाई बढाउने, एकीकृत गर्ने र परिचालन गर्न सल्लाह सेवाहरूमा मात्र केन्द्रित हुने निर्णय गर्‍यो। दातृ संस्थाहरूसँग सम्पर्क गर्न र उनीहरू बाटै आफ्नो वित्तीय व्यवस्थापन गर्न स्थानीय साझेदारहरूका लागि सहजकर्ताको काम गर्न सुरु गर्‍यो। यसरी अझ बढी दिगो गरिबी न्यूनीकरण तर्फ डोर्‍याउने विश्वासका साथ दातृ संस्थाबाट प्राप्त आर्थिक सहयोग माथिको आफ्नो भार कम गर्न र प्रत्यक्ष विकासका लागि आर्थिक सहयोग विनियोजन गर्ने कार्यलाई बन्द गर्न एस.एन.भी.ले एउटा विवेकपूर्ण विकल्प रोज्यो।

सेवाग्राही संस्थाहरूका लागि सीप र परामर्शको सबैभन्दा उत्तम संयोजन प्रदान गर्न सल्लाहारकार दुवै अन्तरराष्ट्रिय र राष्ट्रिय कर्मचारीहरू रहेका छन्। सन् २००७ सम्ममा एस.एन.भी. र सेवाग्राही संस्थाबीच सम्झौता भएको कुनै एक नमूना क्षमता अभिवृद्धि योजनामा एक वा बढी निम्न सेवाहरू समावेश हुने गर्दथ्यो: प्रक्रिया सहजीकरण; विशेषज्ञ क्षेत्रगत परामर्श; तालिम र प्रशिक्षण; सञ्जाल र सम्पर्क स्थापित गर्ने; ज्ञानको सहजीकरण र विकास; वकालत र पैरवी सहयोग र कार्यक्रम तथा वित्तीय व्यवस्थापनमा सहयोग।

## २.४ सेवाग्राही संस्था (Client) छनोट

एस.एन.भी.को आदर्शहरूमा मानव गरिमा, सामाजिक न्याय, लैङ्गिक तथा साँस्कृतिक समानता र पर्यावरणीय दिगोपना रहेका छन् । यसले सेवाग्राही संस्थाको क्षमतालाई निरर्भताको अवस्थाबाट सक्रियता र दावी गर्नसक्ने अवस्थामा रूपान्तरण गर्दछ । स्वभाविक रूपले यसको सफलता धेरै हदसम्म सेवाग्राही संस्थाको छननैटमा निर्भर हुन्छ; उनीहरूको लक्ष्यहरू एस.एन.भी.को आदर्सहरूसँग मेल खानु जरुरी हुन्छ । सेवाग्राही संस्थाको छनौट गर्ने एउटा आधारको विकास गरेर एस.एन.भी.ले हालै मात्र प्रतिवद्ध साझेदारहरूसँग काम गर्ने आफ्नो सोचाइलाई औपचारिकता प्रदान गरेको छ । छनोटको आधारहरूमा सम्भावित प्रभाव, रणनीतिक महत्व, वृद्धिको सम्भावना, नेतृत्व, सिक्ने क्षमता, परिवर्तन र विकास गर्ने चाहना र प्रतिबद्धता रहेका छन् ।

## २.५ सशक्तीकरणबाट सामाजिक समावेशीकरण तर्फ

एस.एन.भी. नेपालले चेपाङ समुदायको सामुदायिक सशक्तीकरणमा विशेष रूपले केन्द्रित कार्यक्रमहरू सन् २००३ सम्म कार्यान्वयन गऱ्यो । एस.एन.भी.का पूर्व राष्ट्रिय निर्देशक (सन् १९९६-२०००) टम डेर्कसेन्का अनुसार विशेष गरी सन् १९९० को दशकमा बढ्दो असमानता सम्बन्धी ल्याटिन अमेरिकी अनुभवका कारण त्यसबेलासम्म सशक्तीकरण र वास्तविक 'बहिष्करण' ले एस.एन.भी.लाई झक्झक्याई सकेको थियो । यसले गरिब जनताका लागि कमजोर शासनको प्रतिफल प्रष्ट गरि दिएको थियो । उहाँ अगाडि भन्नुहुन्छ, त्यस समय देशमा छाएको नयाँ प्रजातान्त्रिक वातावरणले एस.एन.भी.मा सशक्तीकरण कार्यक्रमहरूका लागि नयाँ ऊर्जा थप्न सहयोग गरेको थियो । त्यस बेला एस.एन.भी.को मूल ध्येयको मर्म 'सशक्तीकरण' भए तापनि ती वर्षहरूमा एस.एन.भी.को काम सामान्यतया: सीमान्तकृत समूहहरूसँग काम गर्ने तर्फ लक्षित थिएन । यसले सम्भवत: संस्थाभित्र विद्यमान लक्ष्यको सैद्धान्तिक पक्ष र त्यसलाई कसरी उत्तम तरिकाबाट प्राप्त गर्ने भन्ने सम्बन्धमा अझ बढी व्यावहारिक ज्ञानको बुझाइमा केही भिन्नता रहेको सङ्केत गर्दछ ।

लैङ्गिक समतालाई सामाजिक समावेशीकरणको एउटा अभिन्न अङ्गको रूपमा स्वीकार गरिएको हुनाले सन् २००५ मा एस.एन.भी. नेपालले लैङ्गिक क्षेत्रमा गरेको आफ्नो प्राथमिक कार्यलाई सामाजिक समावेशीकरण र लैङ्गिक समता (एस.आई.जी.ई.)को बृहत् कार्य क्षेत्रमा समाहित गऱ्यो ।

विगतका वर्षहरूमा नेपालमा एस.एन.भी.को काम प्रति प्रत्यक्ष तथा अप्रत्यक्ष दुवै खाले प्रभाव पार्ने तीन प्रमुख विकास क्रमहरू रहेका छन् : गरिबी विश्लेषणमा अधिकारमा आधारित दृष्टिकोण माथि नवीन र बढ्दो ध्यान; नेपालमा राजनीतिक द्वन्द्वमा वृद्धि र बढी सक्रिय र समावेशी नागरिक समाजको उदय ।

फलस्वरूप हालैका वर्षहरूमा गरिबीको मूलभूत कारणका रूपमा सामाजिक बहिष्करणले मलजल गर्ने काम गरेको अनुचित शक्ति सम्बन्धमाथि बढी ध्यान दिइने गरिएको छ । स्रोत, सार्वजनिक सेवा, बजार र रोजगारका अवसरहरूमा पहुँच प्रदान नगरिएका बहिष्कृत समूहका अन्तरक्रियाहरूमा गरिबीको उच्च दर रहेको पाइन्छ । 'शक्ति सङ्घर्ष'को फलस्वरूप आउने संस्थागत परिवर्तन बिना उनीहरू आफ्नो अन्तरक्रियागत प्रयासले मात्र गरिबीबाट बाहिर आउन सक्दैनन् ।

समतामूलक र समावेशी समाजको प्रवर्द्धन गर्न एस.एन.भी. नेपालले 'सशक्तीकरण' र 'एस.आई.जी.ई.को मूलप्रवाहीकरण' गर्ने दुई अवधारणाहरू लागु गऱ्यो । यसले सल्लाहकारहरु लाई दुई अवधारणा बीचको अन्तरसम्बन्ध र मेल (सहकार्य) लाई बुझ्न मद्दत गऱ्यो (तल चार्ट १ हेर्नुहोस्) । विगतमा एस.एन.भी. नेपाल स्थानीय सरकार र त्यस अन्तर्गतका निकायहरूलाई जिम्मेवारी वहनकर्ताको रूपमा प्रस्तुत नगरिकनै उनीहरूसँग सहकार्य गर्ने गर्दथ्यो । अधिकार बाहक संस्था नेपाल चेपाङ सङ्घलाई पनि अन्य सामान्य गैससहरू बाट स्पष्ट रूपमा अलग राखिएको थिएन । त्यसैले गर्दा यो नयाँ एस.एन.भी. अवधारणाले सेवाग्राही संस्थाहरु र साझेदारहरूको विभिन्न भूमिकाबारे स्पष्ट बुझाइ ल्यायो । तथापि यसले विभिन्न पद धारण गर्ने एस.एन.भी.का आफ्नै साझेदार/सेवाग्राही संस्थाहरूबीच द्वन्द्वात्मक सम्बन्धको सिर्जना गर्ने जोखिम उत्पन्न गरायो । उदाहरणका लागि अधिकार वाहक दलित संस्था र सेवा प्रदायक जिविस बीच । यद्यपि साझेदार/सेवाग्राही संस्थाहरूले एस.एन.भी. अवधारणालाई विवादास्पद मानेनन् किनभने केहीले यसलाई असल शासनको संरचनाको एउटा अङ्गको रूपमा रहेको कुरा बुझिसकेका थिए । विशेषगरी सङ्घीय राज्यको बहस सँगै देश अगाडि बढ्न थाले पश्चात असल शासन सम्बन्धीको यो बढ्दो बुझाइका लागि नेपालको राजनीतिक वातावरण सुहाउँदो थियो । सम्मिलनको बेफाइदा बारे र विविधता तथा अधिकार वाहकहरूको आन्दोलनलाई प्रवर्द्धन गर्न सुहाउँदो वातावरणका लागि न्यूनतम सहमति रहेको थियो ।

**चार्ट १ : सन् २००७ सम्ममा सशक्तीकरण र एस.आइ.जी.ई.को मूलप्रवाहीकरणका लागि एस.एन.भीको कार्यशैली**



# ३. चेपाङका कथाहरू

## ३-१ चेपाङ जाति



सन् १९९०को दशकमा चितवनको एउटा भीरमा खेती गर्दै

चेपाङ मध्य चितवन, धादिङ्ग, गोरखा, मकवानपुर, लमजुङ र तनहुँ जिल्लाहरूको उच्च पहाडी क्षेत्रमा बसोबास गर्ने एउटा आदिवासी जाति हो । आदिवासी जनजाति उत्थान राष्ट्रिय बिकास प्रतिष्ठान ( नेफडीन) ले उनीहरूलाई अति सीमान्तकृत आदिवासी भनेर वर्गीकृत गरेको छ । मुलुकी ऐन १९२० ले चेपाङलाई मसिन्या मतवाली भनेर परिभाषित गरेको कारण आर्थिक विपन्नताका अतिरिक्त चेपाङ जातिले साँस्कृतिक भेदभावको पनि सामना गर्दै आउनु पर्‍यो । जसले गर्दा बसाइँ सरेर आएका उच्च जातिका व्यक्तिहरूलाई चेपाङ जातिका सदस्यहरूलाई तेस्रो नागरिकको (उच्च जात समूह पछि र दोस्रो समूहका मतवालीका रूपमा राखिएको) रूपमा व्यवहार गर्ने वैधता प्रदान गऱ्यो । जातीय वर्गीकरणलाई खारेज गर्ने वि.सं. २०१९ सालमा नयाँ मुलुकी ऐन आए पश्चात पनि समय सँगै यस भेदभावलाई चेपाङहरू आफैँले पनि अङ्गिकार गरे । ।

असन्तुलित शक्ति सम्बन्धलाई व्यापक बनाउने काम गरेको चाहीं भूमिले नै हो । चेपाङहरूको प्रायः भूमि माथि कुनै स्वामित्व रहेन वा अझ महत्वपूर्ण कुरा के भने समथल भूमिमा उनीहरूको रूचि थिएन किनभने परम्परा देखी नै उनीहरूको प्रमूख चासो भनेको वन थियो, जहाँ प्राकृतिक स्रोतहरूको उपयोग गर्न सक्थे । त्यसैले गर्दा बसाइँ सरेर आएकाहरू सजिलै बसोबास गर्दै समथल क्षेत्रका राम्रा जग्गाहरूमाथि आफ्नो स्वामित्व जमाए । फलस्वरूप चेपाङहरू भिरालो जमिनको भरमा बाँच्न बाध्य भए । पछि त्यस प्रकारका जमिनको महत्वलाई उनीहरूले बुझे र खेतीपातीमा बढी आर्कषित हुन थाले । सन् १८५६ मा भएको वनको राष्ट्रियकरण पश्चात शिकार गरेर भेला भई जीविका चलाउने जीवन शैलीका लागि आवश्यक पर्ने वन जंगल माथि उनीहरूको पहुँचमा व्यवधान खडा भयो । त्यस क्षेत्रमा भएका नयाँ विकास क्रमले विशेषगरी सुविधाप्राप्त वर्गहरूलाई नै थप फाइदा पुऱ्याउने काम गऱ्यो । वि.सं. २०२० तिर (सन् १९६० को दशकमा) औलो नियन्त्रण पश्चात त्यस क्षेत्रमा भएको यातायात सम्पर्कको विस्तारले व्यापार व्यवसायसँग पहिलादेखि नै परिचित रहेका, बसाइँ सरेर आएका वर्गहरुलाई अझ बढी सुविधाहरू उपलब्ध हुन गयो । फलस्वरूप मुद्रामा बढी आधारित अर्थतन्त्रसँग सामन्जस्य गर्ने प्रयासमा चेपाङहरू बसाइँ सरेर आई बसोबास गरेका समुदायहरूप्रति बढ्दो रूपमा ऋणी बन्दै गए । त्यसका अतिरिक्त ऋणको ब्याजदर अत्याधिक भएको हुनाले धेरै चेपाङहरू आफूलाई ऋण प्रदान गर्ने साहुकहाँ "बधुवा" बन्नु स्वभाविक थियो, र केही पुस्ता सम्म यस्तो अवस्थामा रहन पुगे ।

वि.सं. २०३३/३४ (सन् १९७७) मा चेपाङहरू बसोबास गर्ने क्षेत्र भ्रमण गरेका स्वर्गीय राजा वीरेन्द्रको चाहना अनुसार चेपाङहरू **प्रजा** भनेर चिनिन थाले । चेपाङहरूको उत्थानका लागि राजाले प्रजा विकास कार्यक्रम

(पिभिपी) संचालन गर्ने आदेश थिए । उनीहरूको दयनीय अवस्था देखेर उनले त्यस्तो आदेश दिएका थिए । वि.सं. २०५९/६० (सन् २००३) मा नेफडिनले जिम्मेवारी लिनु अघि यस कार्यक्रमको सञ्चालन स्थानीय विकास मन्त्रालयले गऱ्यो ।

एउटा आदिवासी समूहको रूपमा चेपाङहरूको आफ्नै भाषा र आध्यात्मिक विश्वासहरू रहँदै आएको छ । तर पनि प्रभुत्वशाली तथा दुराग्रही हिन्दु र नेपाली भाषा संस्कारले उनीहरूका परम्परागत ज्ञान र मूल्य मान्यताहरूलाई असान्दर्भिक भनी परिभाषित गर्ने प्रयास गऱ्यो । त्यसका अतिरिक्त वि.सं. २०४६ मा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना पश्चात पनि **मूलधारको** समाजबाट चेपाङहरू सीमान्तकृत हुने क्रमले निरन्तरता पायो । विगतको दस वर्षमा विशेषगरी युवा पुस्ताबाट अधीनस्थ र निर्भरताको अर्थ भोग्न पुगेको प्रजा नाम क्रमिक रूपमा अस्वीकृत हुँदै गयो । वि.सं. २०६०/६१ मा तत्कालीन श्री ५ को सरकारले नागरिकता प्रमाणपत्रका लागि ‘प्रजा’ सँगै ‘चेपाङ’ शब्द पनि राखिदिने सहमति जनाए पनि अन्तत चेपाङ.हरुले प्रजा नजोडी चेपाङ. मात्रै लेखि नागरिकाता प्रमाण पत्र प्राप्त गरे । यसै गरि **वि.सं. २०६४** मा नेपाल सरकारले अन्तमा प्रजा विकास कार्यक्रमलाई ‘चेपाङ विकास कार्यक्रम’ नामाकरण गऱ्यो ।

## ३.२ नेपाल चेपाङ संघ (ने.चे.सं.)
## - आदिवासीहरूको आफ्नै सङ्गठनहरू (आई.पी.ओ.)

नेपाल चेपाङ सङ्घको गठन वि.सं. २०५५ मा चेपाङ समुदायका लागि आफ्नो संस्कृति, धर्म र भाषाको प्रवर्द्धन तथा संरक्षण गर्न कार्यरत युवा चेपाङ कार्यकर्ताहरू बाट भएको हो । यो नेपाल आदिवासी जनजाति महासङ्घमा आबद्ध भएको एउटा आदिवासी सङ्गठन हो र यसका छ जिल्लाहरूमा व्यक्तिगत तथा संस्थागत सदस्यहरू रहेका छन् ।

**बक्स १ : न्यायका लागि सङ्घर्षरत - धादिङका जितेन्द्र चेपाङको जीवनकथा**

तीस वर्ष अघि धादिङ जिल्लाको धुषा गाबिसमा जन्मेका जितेन्द्र चेपाङका बुबाको मृत्यु भएको र आमाले घर छोडेर जानुभएको हुनाले उनलाई आफ्नो हजुरबुबाले हुर्काउनुभएको हो । ज्यादै नै कष्टकर जीवन बिताउँदै उनले कक्षा १० सम्म पढ्न सके । त्यसपछि कामको खोजीमा उनी काठमाडौँ आए, यहाँ उनले यत्रतत्र काम पाए तापनि उनलाई आफ्नो घरको सदैव सम्झना आउने गर्दथ्यो ।

धैरै वर्ष पछि काठमाडौँमा कामको खोजीमा आएका अन्य चेपाङहरूसँग उनको भेटघाट भयो । उनीहरूले चेपाङहरूको हक अधिकारका लागि कार्यरत सिकाउ नाम गरेको एउटा स्थानीय गैसस बारे सुने । उनीहरू मध्ये छ-सात जना सिकाउको काठमाडौँस्थित कार्यालयमा प्रत्येक शनिबार भेला हुन थाले । “हामीले विभिन्न कुरा गर्दथ्यौ. तर धेरै चाहीं घरकै कुरा हुन्थ्यो”, जितेन्द्र सम्झन्छन् । “पत्रपत्रिकामा चेपाङ रीतिरिवाज र जीवनशैली बारे तथ्यहीन र तुच्छ कुराहरू छापिँदा हामी मिलेर लेख पढ्थ्यौँ र त्यसका बारे घण्टौ छलफल गर्ने गर्दथ्यौँ । केही समय पश्चात हामीले त्यस बारेमा केही गर्नु पर्छ भन्ने लाग्यो” ।

त्यो भावना आजको नेपाल चेपाङ सङ्घको विजारोपण गर्ने मुख्य आधार बन्नपुग्यो । “हामीसँग अफिस, टेलिफोन केही नभएको सुरुका दिनहरू म सम्झन्छु”– जितेन्द्र भन्छन् । उनले आफ्नी श्रीमतीलाई प्रौढ शिक्षामा सहभागी हुन

क्रमशः

प्रोत्साहित गरे र उनले जितेन्द्रलाई आफ्नो काममा सहयोग गरिन् । अन्ततः जितेन्द्रले आफ्नो धेरै समय नेपाल चेपाङ सङ्घलाई दिन थाले ।

हालै मात्र जितेन्द्र चेपाङले आफ्नो घरेलु जिल्लामा रहेका चुन ढुङ्गा उद्योगका पीडितहरूका लागि एउटा समुदायिक अभियानको संयोजन गर्न थालेका छन् । अभियान हैटौंडा सिमेन्ट उद्योग विरुद्ध सञ्चालित छ, जसले चुन ढुङ्गा प्रभावित क्षेत्रहरूबाट पुनर्स्थापित हुनका लागि क्षतिपूर्ति स्वरूप अस्वीकार्य सर्तहरू अघि सारेको छ । अभियान जारी छ र परिणाम निर्धारित हुन बाँकी छ । तर जितेन्द्र भन्छन्– "यो मुद्दामा हामी सही बाटोमा छौं भन्ने हामीलाई थाहा छ, र यसैले हामीलाई दृढ रहन आत्म विश्वास प्रदान गर्दछ । हामीले हाम्रा भनाइ तथा विचारहरू काठमाडौंमा साँसद र असङ्ख्य पत्रकार, अनुसन्धानकर्ता र कार्यकर्ताहरू समक्ष राखेका छौं र त्यसलाई हामी अन्तिम सम्म निरन्तरता दिनेछौं" *उनि थप्छन् ।*

## ३.३ चेपाङ समुदायसाग एस.एन.भी. नेपालको अन्तरक्रिया र सम्बन्धः

यस भागमा प्रत्येक कार्यक्रमका विशिष्ट विशेषताहरूलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ । आर्थिक सहयोगको क्रम र कर्मचारीको सङ्ख्या तालिका २ मा दिइएको छ ।

**तालिका २ : चेपाङ कार्यक्रमका लागि खर्च भएको बजेट**

| वर्ष | योजनाका चरणहरू | योजना कार्यक्षेत्र | बाहिरबाट उपलब्ध कुल बजेट | | स्थानीय योगदान[3] | | बाह्य आर्थिक सहयोग |
|---|---|---|---|---|---|---|---|
| | | | युरो[1] | रू[2] | युरो | रू | |
| सन् १९९२-१९९४ | पिडिपी | १ गाविस | सूचना उपलब्ध नभएको | | | | केएपी[4] |
| सन् १९९६-२००० | पिसिडिपी१ | ४ गाविस | २,५५,२५८ | २,२९,७३,२२० | ६,६०० | ६,००,००० | एनइडीए[5] |
| सन् २०००-२००३ | पिसिडिपी२ | ५ गाविस | ७,९१,४०६ | ७,१२,२६,५४० | ५०,१५५ | ४५,१४,९५० | असऐड, इको, एसएनभी |
| सन् २००४-२००७ | चे.मू.का. | ४ जिल्ला | ४,२६,५२४ | ३,८३,८७,१६० | ६,४९० | ५,८४,१०० | ईको, एसएनभी, ने.चे.सं. |

*[1] सन् २००२ सम्म बाह्य आर्थिक सहयोग नेदरलैण्ड्स गिल्डर (एनएलजी)मा उपलब्ध गराइएको थियो । त्यस समय मुद्रा विनिमयदर २५.५० एनएलजी बराबर ११.५७ युरो थियो ।*

*[2] औसत विनिमय दर, १ युरो बराबर रू ९० राखिएको थियो ।*

*[3] स्थानीय योगदान*

*पिसिडिपी १ : प्रजाहरूको स्थानीय प्रयासका लागि गाविसहरूले उपलब्ध गराएको यो रकमका अतिरिक्त गाउँलेहरूबाट श्रमदान पनि भएको थियो ।*

*पिसिडिपी २ : यो अंकमा गाउँलेहरूको श्रमदान र गाविसहरूले उपलब्ध गराएको रकम पनि समावेश छ ।*

*चे.मू.का. : यो अंकमा गाउँलेहरूबाट भएको श्रमदान समावेश छ ।*

*[4] केएपी - दुतवासको सानो योजना*

*[5] एनइडीए - नेदरलैण्ड्स विकास सहयोग*

**तालिका ३ : काम गरेका कर्मचारीको सङ्ख्याको सिहावलोकन**

| वर्ष | योजनाका चरणहरू | कर्मचारीको संख्या: बाह्य आर्थिक सहयोग (पिसिडिपी १ र पिसिडिपी २का क्रममा पार्ट टाइम सहित र स्थानीय उत्प्रेरक, अगुवा कृषक र सिबिओहरूका कर्मचारीहरू बाहेक)[1] | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एसएनभी | | | ने.चे.सं. | | साझेदार गैससहरू | | | | | | | |
| | | | राष्ट्रिय | | | | केड/सिकाउ | | एनएएफ | | फरवार्ड | | सिडिओ | |
| | | अन्तराष्ट्रिय | गैरचेपाङ | चेपाङ | गैरचेपाङ | चेपाङ | गैरचेपाङ | चेपाङ | गैरचेपाङ | चेपाङ | गैरचेपाङ | चेपाङ | गैरचेपाङ | चेपाङ |
| सन् १९९२-१९९४ | पिडिपी | अनुगमनका लागि मात्र | | | - | - | - | - | - | - | - | - | - | - |
| सन् १९९६-२००० | पिसिडिपी१ | १ | ७ | २ | ६ | ० | ४ | २ | ६ | ० | - | - | - | - |
| सन् २०००-२००३ | पिसिडिपी२ | १ | ७ | ३ | ४ | २ | ४ | २ | ४ | २ | ४ | ४ | - | - |
| सन् २००४-२००७ | चे.मू.का.[2] | १ | ६ | ० | २ | १६ | ३ | ७ | - | - | ८ | ९ | ५ | ६ |

[1] चेपाङ्गहरुको मानविय स्रोत बृद्धि देखाउन चेपाङ्ग र अरु जातिहरुको छुट्टा छुटै कर्मचारी तथ्याङ्ग ।

[2] एस. एन. भी. कर्मचारीहरुले पुर्ण समय दिएको थिएन ।

### १) कथाको सुरुवात

**- महले हामीलाई चेपाङ गाउसम्म ल्यायो (वि.सं. २०४९ देखि २०५१)**

मौरीपालन, तालिम तथा विस्तार सहयोग परियोजनाका लागि एस.एन.भी. नेपाल र श्री ५ को सरकार कृषि मन्त्रालय संयुक्त रूपमा सन् १९९८ देखि काम गर्दै आएको छ । यसको योजना स्थल चितवन जिल्लामा थियो जहाँ चेपाङहरूले परम्परागत रूपमा मौरीका चाका राख्ने गर्दथे । सन् १९९२ देखि सन् १९९४ सम्म एस.एन.भी.ले चेपाङ वासस्थानको मुटुका रूपमा रहेको चितवनको सिद्धि गाउँ विकास समिति (गाविस) प्रजा विकास कार्यक्रमलाई सहयोग प्रदान गऱ्यो । बाहिरका दुई परामर्शदाता संस्थाले कार्यान्वयन गरेको मौरीपालन, कृषि वन, फलफुलको बिरुवा रोप्ने, पशुपालनको माध्यमबाट आय आर्जन प्रवर्द्धन गर्ने उक्त सहयोगको लक्ष्य थियो । एस.एन.भी. नेपाल अनुगमनका लागि जिम्मेवार थियो र जसले चेपाङ र एस.एन.भी.बीच प्रत्यक्ष सम्पर्कको सुरुवात गऱ्यो ।

### २) चेपाङहरूसाग सम्बन्ध विस्तार

**- प्रजा सामुदायिक विकास कार्यक्रम, पहिलो चरण (पिसिडिपी १), (सन् १९९६-२०००)**

परियोजनालाई बढी विस्तृत रूपमा सुरु हुन केही वर्ष लागे तापनि प्रजा समुदाय विकास कार्यक्रम (पिसिडिपी पहिलो चरण) को थालनी एस.एन.भी. र स्थानीय विकास मन्त्रालय बीचको साझेदारीमा सन् १९९७ मा भएको हो । चेपाङहरूको परिचालनका लागि सुहाउँदो वातावरण सिर्जना गर्नमा विशेष केन्द्रित रहेको हुनाले यो अन्य क्षेत्रीय वा क्षेत्रगत विकास कार्यक्रम भन्दा भिन्न थियो । चेपाङ समुदायसँग सम्बन्ध विकास गर्न र उनीहरूको स्थानीय सामाजिक सङ्घ संस्थाहरूलाई बुझ्न एस.एन.भी.का लागि यसले पर्याप्त समय खर्च गऱ्यो । एउटा आधिकारिक चेपाङ समुदायमा आधारित संस्था (सिबिओ)हरू र एउटा सहकारीको स्थापनाका लागि आधारशीला तयार गर्ने काम यसै समयमा भयो । कार्यक्रमको उद्देश्य गाविस, खानेपानी आपूर्ति जस्ता सेवाहरू उपलब्ध गराउने जिम्मेवार निकाय समक्ष हकदावी गर्न सक्ने शक्ति र क्षमता वृद्धि गरेर चेपाङहरूको जीवनस्तरमा सुधार ल्याउनु रहेको थियो ।

दुई वर्षअघि ढाँचा तैयार गरिएको योजनालाई चितवनका चार गाविसहरू (शक्तिखोर, सिद्धि, काउले र कोरक) मा गरिएको विस्तृत रुपको ६ महिना लामो बेसलाइन सर्वेक्षण पश्चात पुनः निर्माण गर्ने काम भयो । अध्ययन सहभागीतामूलक औजार तथा तौर तरिकाहरूको प्रयोग गरेर सम्पन्न गरिएको थियो र त्यसका निष्कर्षहरूलाई "रुखो जग्गामा सुन्तला फल्छ त् ?" शीर्षकको प्रतिवेदनमा सङ्ग्रहित गरियो । सन् १९९० को अन्त्यतिर चेपाङ गाउँहरूको अवस्थालाई यसरी व्याख्या गरिएको थियो :

> *नेपालको मध्य भूभागमा अवस्थित रहेको र प्रमुख राजमार्ग वरिपरि रहेको अवस्थालाई दृष्टिगत गर्दा तुलनात्मक रूपमा सुगम भए तापनि पिसिडिपीको कार्य क्षेत्र सीमान्तकृत र दुर्गम रहेको छ । भिरालो जग्गा, बलौटे माटो र भूक्षय हुने खतराले गर्दा त्यस क्षेत्रलाई पर्यावरणीय दृष्टिकोणबाट सीमान्त भनेर वर्गीकृत गर्न सकिन्छ । सरकारी तथा गैरसरकारी सेवाहरूबाट उनीहरूले न्यून सहयोग प्राप्त गरेका छन् । चारै गाविसहरूमा कर्मचारी र विकास प्रक्रियाहरू अघि बढाउने आवश्यक क्षमताको अभाव रहेको छ । सरकारी निकाय अन्तर्गतका केही संस्थाहरूको त्यस क्षेत्रमा कार्यालय भएको देखिए तापनि तीनमा पनि क्षमता र प्रजाहरू सम्बन्धी ज्ञानको कमी रहेको छ जसको फलस्वरूप प्रजाका लागि सीमित सेवाहरू*

*उपलब्ध गराइएको छ । गैससहरू त्यस क्षेत्रमा भए तापनि रणनीतिक व्यवस्थापन क्षमता र सञ्चालन व्यवस्थापन सीप कमजोर रहेको पाइन्छ ।*

अध्ययनको क्रममा टोलीले परम्परागत स्थानीय सामाजिक संस्थाहरू विद्यमान रहेको पाएको थियो जस्तै श्रम आदान प्रदानका लागि पर्मा समूहहरू, र चाडपर्वका बोला मासुको खर्च बाँड्न मासु खाने समूहहरू । त्यसैकारण कार्यक्रमले ती समुहहरूको कार्य क्षेत्र विस्तार गर्न सक्ने र अझ बढी विकास सम्बन्धी क्रियाकलापहरू पनि समावेश गर्न सकिने सम्भावालाई हेर्ने प्रयास गऱ्यो । चेपाङका यी ग्रामीण स्तरका संस्थाहरूलाई गाविसको सेवा आपूर्तिमा प्रजाहरूका लागि स्थानीय कार्यक्रम कोषको माध्यमबाट सम्बन्धित गरियो । प्रत्येक गाविसका लागि रु. तीन लाख विनियोजन गरी धेरै रकम साना पूर्वाधारका योजनाहरू जस्तैः खानेपानी आपूर्ति योजना र सीप विकास तालिमहरूका लागि प्रयोग गरियो । गाविसहरूले उपलब्ध कोष बराबरको २५ प्रतिशत रकम उपलब्ध गराउनुपर्ने भए तापनि यस योजनाले गाविसहरूबाट क्रमशः स्रोत पाउँदै गयो । यस्तो सहभागीतामूलक योजना प्रक्रियाले गैरचेपाङ बहुसङ्ख्यक समुदायको चेतना बढाउनुका साथै चेपाङ र गैर चेपाङ बीचको सम्बन्ध सुधारमा योगदान पुऱ्यायो ।

संरक्षण खेती, गैर काष्ठ वन पैदावर र सामुदायिक वनको क्षेत्रहरूमा प्राविधिक सहयोग चेपाङहरूसँग पहिलादेखि नै परिचित दुई गैससहरू कृषि पर्यावरण विकास केन्द्र/पर्यावरण, कृषि र सामुदायिक विद्यालय (केड/सिकाउ) र नेपाल कृषि वन प्रतिष्ठानले उपलब्ध गराएका थिए ।

**३) चेपाङहरूलाई जिम्मेवारी प्रदान**

**- प्रजा क्षमता विकास कार्यक्रमः दोस्रो चरण (पिसिडिपी २) (सन् २000-२00३)**

एस.एन.भी. नेपाल कै कार्यान्वयनमा रहेको पिसिडिपी २ मा केही परिवर्तनहरू समावेश गरिएका थिए जसमा परियोजना क्षेत्रमा थप एक गाविस लोथारसम्म विस्तार गर्दै कुल पाँच गाविसलाई समेटियो । वकालतमाथि बढी जोड दिने र नेपाल चेपाङ सङ्घ परियोजा परामर्शदाता बनेको कुराहरू रहेको थियो । सङ्घलाई एउटा आदिवासीहरूको संस्था (आइपिओ) का रूपमा सहयोग गर्नु यस परियोजनाको एउटा विशेषता रहेको थियो । सङ्घले चेपाङहरूका लागि सान्दर्भिक मुद्दाहरूको पहिचान गर्न गाउँ गाउँमा अनुसन्धान गर्नुका साथै जिल्ला विकास समिति (जिविस) को माध्यमबाट प्रधानमन्त्री सहित सरकारी अधिकारीहरूलाई अनुसन्धानका निष्कर्षहरू प्रस्तुत गर्दै नागरिकताको प्रमाणपत्र, भूमि दर्ता र शिक्षामा पहुँच सम्बन्धी मुद्दाहरूमा वकालत गर्न सुरु गऱ्यो । यद्यपि उनीहरूको पैरवी राष्ट्रिय स्तरमा ध्यानाकर्षण गराउन सक्षम थिएन ।

पिसिडिपी २ मा अर्को स्थानीय गैसस, ग्रामीण कल्याण र विकासका लागि कृषिजन्य सुधार मञ्च (फरवार्ड) कार्यान्वयन साझेदारका रूपमा समावेश भयो । स्थानीय श्रमदान र एस.एन.भी. नेपालको आर्थिक सहयोगका अतिरिक्त पिसिडिपी २ लाई अन्तर्राष्ट्रिय विकासका लागि अस्ट्रेलियाली सहयोग( असएेड) र अन्तर चर्च खिस्टियन सङ्गठन (इको) को संयुक्त सहयोग प्राप्त थियो । यो समयमा समुदायमा आधारित संस्थाहरूलाई थप सुदृढ तुल्याउने काम भयो । ती संस्थाहरू पछि सङ्घमा आबद्ध भए । चेपाङ (त्यस समयमा प्रजा भनिने) को स्वामित्व रहेको पहिलो सहकारी प्रजा सहकारी साझेदार गैससहरूको सघन प्राविधिक सहयोगबाट सञ्चालनमा आयो ।

पिसिडिपी २ को मध्यकालीन समीक्षाले आगामी चरणहरूका लागि निम्न दुई बुँदाहरू सिफारिस गऱ्यो :
१) चेपाङ समुदायमा आधारित संस्थाहरूसक्षम भएको र नेपाल चेपाङ सङ्घले आफ्नै समुदायमा विश्वसनीयता कमाउन सकेको हुनाले चेपाङहरूलाई बढी जिम्मेवारी सुम्पिनु पर्दछ ।
२) परियोजना क्षेत्रलाई चितवन बाहिर विस्तार गरेर चेपाङहरूका सबै आवश्यकताहरूलाई सम्बोधन गरिनु आवश्यक छ ।

पिसिडिपि २ का सरोकारवालाहरूबीच कार्यक्रमलाई अन्य जिल्लाहरूमा विस्तार गर्दै प्रभावकारी वकालतका लागि राष्ट्रिय स्तरमा पुऱ्याउनुपर्ने कुरामा सहमति थियो ।

**४) नेतृत्वमा चेपाङहरू**

**- चेपाङ मूलप्रवाहीकरण कार्यक्रम (सिएमपी) (सन् २००४-२००७)**

पिसिडिपी २ को अन्त्य सम्ममा एस.एन.भी. नेपाल एउटा कार्यान्वयन निकायबाट परामर्शदाता संस्थाको रूपमा परिवर्तन भइसकेको थियो । केही कर्मचारीहरूले यो परिवर्तित भूमिका आवश्यक रहेको ठाने किनभने उनीहरूले चेपाङहरूलाई पर्याप्त निरन्तर तथा लामो सहयोग उपलब्ध गराइसकेका थिए । नेपाल चेपाङ सङ्घ पूर्ण रूपमा क्षमता सम्पन्न नभए तापनि काठमाडौँ स्थित परियोजना कार्यालयलाई चेपाङ मूलप्रवाहीकरण कार्यक्रम (सिएमपी) को नेतृत्व गर्ने जिम्मेवारी सुम्पियो । सिएमपीलाई आइसिसिओबाट सहयोग प्राप्त थियो र यसको कार्य क्षेत्र चेपाङ जाति बसोबास गर्ने चार जिल्लाहरू चितवन, धादिङ, गोरखा र मकवानपुरलाई समेट्ने गरी विस्तार गरियो । यस कार्यक्रमले चेपाङहरूका अधिकारहरू दावी गर्न अधिकारमा आधारित अवधारणा (आरबिए) अवलम्बन गऱ्यो र तल तालिका ३ मा उल्लेख गरिए अनुसार त्यसमा सात प्रमुख अंशहरू समावेश थिए :

**तालिका ४ : योजनाका अंशहरू तथा कार्यान्वयन गैसस सञ्जाल साझेदारहरू**

| योजनाका अंशहरू | गैसस समूहका साझेदारहरू |
|---|---|
| (१) खाद्य सुरक्षा तथा आय आर्जन | ग्रामीण कल्याण र विकासका लागि कृषिजन्य सुधार मञ्च (फरवाड) |
| (२) प्राकृतिक स्रोत व्यवस्थापन | |
| (३) शिक्षा | कृषि पर्यावरण विकास केन्द्र (केड)/पर्यावरण, कृषि र सामुदायिक विद्यालय (सिकाउ) |
| (४) भूमि र नागरिकता | समुदायिक विकास संस्था (सिडिओ) |
| (५) चेपाङ संस्कृति र भाषाको प्रवर्द्धन | नेपाल चेपाङ सङ्घ (ने.चे.सं). |
| (६) संस्थागत क्षमता अभिवृद्धि | |
| (७) महिला (लैङ्गिक) प्रतिनिधित्व | |

नीति निर्माणको तहमा आदिवासीहरूको मुद्दाहरूका लागि दुई रणानीतिक साझेदारहरू नेफिन र नेफडिनको समावेश भएपश्चात सरोकारवालाहरूको सङ्ख्या र आधारमा वृद्धि भयो । यसका अतिरिक्त स्थानीय विकास मन्त्रालय (सरकारको नेतृत्वमा रहेको प्रजा विकास कार्यक्रमका लागि जिम्मेवार निकाय) र परामर्शदाताका रूपमा एसएनभी पनि परियोजना सञ्चालक समितिमा समावेश भए ।

फरवाड, केड/सिकाउ र सामुदायिक विकास संस्था (सिडिओ) समावेश रहेको गैसस समूहलाई नेतृत्व गर्दै नेपाल चेपाङ सङ्घले सिएमपीको सञ्चालन गऱ्यो । यी सबै संस्थाहरूले फिल्ड कर्मचारीहरू सम्भव भएसम्म चेपाङ जातिबाटै नियुक्त गरे जसको फलस्वरूप चेपाङ कर्मचारीमा नाटकीय रूपमा वृद्धि हुन गयो (हेर्नुहोस् तालिका २०)

नीति निर्माणको तहमा आदिवासीहरूको मुद्दाहरूका लागि दुई रणानीतिक साझेदारहरू नेफिन र नेफडिनको समावेश भए पश्चात सरोकारवालाहरूको सङ्ख्या र आधारमा वृद्धि भयो । यसका अतिरिक्त स्थानीय विकास मन्त्रालय (सरकारको नेतृत्वमा रहेको प्रजा विकास कार्यक्रमका लागि जिम्मेवार निकाय) र परामर्शदाताका रूपमा एस.एन.भी. पनि परियोजना सञ्चालक समितिमा समावेश भए ।

नागरिकता प्रमाणपत्रमा पहुँच सुनिश्चित गर्ने परियोजनाका प्रयासहरू प्रभावकारी भए भने भूमि माथि दावी गर्ने कार्यक्रमको उपलब्धिहरू मिश्रित रहे । सरकारबाट भूमि सुधारमा कुनै खास परिवर्तन हुन सकेन, तथापि केही सावर्जनिक जमिन प्राप्त भयो (कोष्ठक ३ हेर्नुहोस्) जहाँ चेपाङहरूलाई पुनर्स्थापित गरियो । चेपाङहरूको भूमि स्वामित्व सम्बन्धी प्राप्त तथ्य तथा तथ्याङ्कहरू सरकार समक्ष प्रस्तुत गरियो र साँसद र राजनीतिक दलहरूसँग बहस सुरु गरियो । राम्रो योजना गरेर प्रायः नयाँ र सिर्जनात्मक तरिकाबाट गरिएको यस कार्यले स्थानीय तथा राष्ट्रिय सञ्चार माध्यममा राम्रो स्थान पायो । सन् २००६ मा गरिएको सिएमपी मध्यकालीन समीक्षाले निम्न सकारात्मक उपलब्धिहरूलाई स्वीकार गरेको थियो :

- द्वन्द्वको प्रतिकुल समयमा अन्य परियोजनाहरू बन्द हुन बाध्य गरिएता पनि यस कार्यक्रम प्रति लचकता देखाएको ;
- अगुवा कृषक तथा समूहहरूको माध्यमबाट तरकारी खेती, करेसाबारी र बाख्रापालनको प्रवर्द्धनका माध्यमबाट चेपाङको जीविकोपार्जनका माध्यमहरूलाई सुदृढ तुल्याएको ;
- महिलाहरूलाई संलग्न तथा लाभ गराएको, जस्तैः एनसीएमा महिला प्रतिनिधित्व बढेको ;
- नीति निर्माण तथा राजनीतिक वृत्तमा चेपाङको पहिचानलाई सुदृढ तुल्याउन मद्दत गरेको ।

समूहमा आबद्ध गैससहरूले आ(आफ्नो विशेषज्ञताको क्षेत्रअनुसारको प्राविधिक सहयोग उपलब्ध गराउने आशा गरिएको थियो भने ने.चे.सं. आफ्ना सञ्जालहरूको माध्यमबाट परियोजनको पहुँच ग्रामीण स्तरसम्म पुगेको सुनिश्चित गर्न जिम्मेवार थियो । समूहहरु मार्फत विभिन्न क्षेत्रका क्रियाकलापहरूलाई संयोजन गर्ने तथा सक्रियतापूर्वक अनुभव आदान प्रदानको माध्यमबाट कथलभचनथ सम्बन्ध विकास गर्ने स्थानको रूपमा रहेको थियो । यद्यपि समूहमा रहेका साझेदारहरूले ने.चे.सं.ले ग्रामीणस्तरमा साझेदारका क्रियाकलापहरू राम्रोसँग अनुगमन नगरेको पाए र यसले समूहका सदस्यहरूबीच अविश्वास पैदा गरिदियो ।

काठमाडौँमा रहेको एनसीए/सिएमपी परियोजना कार्यालयमा एस.एन.भी.का सामाजिक समावेशीकरण परामर्शदाता परियोजना अवधिको आधा समयसम्म रहनुभयो भने अन्य परामर्शदाताहरूले सङ्गठनात्मक समीक्षा जस्तै योजना कार्यशालाको सहजीकरण गर्ने जस्ता आवश्यक सहयोग उपलब्ध गराए । एनसीए/सिएमपी कार्यालयमा अवस्थित सल्लाकार बाट प्राप्त लामो सहयोगका कारण परियोजना र एनसीएको सञ्चालनमा उल्लेखनीय रूपमा सुधार आयो । तर निर्भरता हटाउन सिएमपीको मध्यकालीन समीक्षाले सिएमपीको दैनिक सञ्चालनबाट एस.एन.भी.ले आफूलाई टाढा राख्नुपर्ने सुझाव दिएको छ ।

**तालिका ५ : चेपाङ समुदायमा उल्लेखनीय बिकासक्रमहरू**

| वर्ष | राष्ट्रिय स्तरमा प्रमुख घटनाकमर वा विकासकम | चेपाङ समुदायमा प्रमुख अवसर तथा प्रभावहरू |
|---|---|---|
| १९१० | मुलुकी ऐनबाट जातिगत श्रेणी परिभाषित | |
| २००९ | नेपालमा निरङ्कुश राणा शासनको अन्त्य | चितवन जिल्लाको सिद्दी गाविसस्थित चेपाङ बस्तीमा पहिलो प्राथमिक विद्यालयको स्थापना |
| २०१३ | निजी वन राष्ट्रियकरण ऐन - २०१३ जारी | प्राकृतिक स्रोमा चेपाङहरूको पहुँचमा पाबन्दी |
| २०११ -२०२१ | तराईमा औलो नियन्त्रण कार्यक्रम | चेपाङ बसोबास क्षेत्रमा बसाइँ सराइमा वृद्धि |
| २०२४ | मुलुकी ऐन प्रतिस्थापित | |
| २०३४ | भूमि राजस्व ऐन २०३४ | चेपाङ बसोबास क्षेत्रमा बसाइँ सरेर आएकाहरूद्वारा जमिनमाथिको अधिकार स्थापित |
| २०३०को दशक | स्थलगत मार्गबाट सम्पर्कमा सुधार | बसाइँ सरेर आएकाहरूबाट चेपाङहरू भिरपाखा र कम गुणस्तरको खेतमा सीमित |
| २०३४ | स्वर्गीय राजा वीरेन्द्रबाट मकवानपुरमा | चेपाङ क्षेत्रको भ्रमणचेपाङहरूलाई प्रजा भन्न थालियो |
| २०३६ | | तत्कालीन श्री ५ को सरकारबाट प्रजा विकास कार्यक्रम सुरु |
| २०४६ | प्रजातन्त्रका लागि पहिलो जनआन्दोलन । नयाँ संविधान-२०४७ ले नेपाललाई बहुजातीय र बहुभाषिक राज्यका रूपमा परिभाषित गर्‍यो । | मानव अधिकार, आधारभूत अधिकार सुनिश्चित |
| २०४८ | गैसस महासङ्घको स्थापना, नेपाल आदिवासी जनजाति महासङ्घको स्थापना (नेफिन) | |
| २०४९ | | एस.एन.भी.द्वारा आफ्नै योजना, **प्रजा विकास कार्यक्रम (पिडिपि)** लाई सन् १९९४ सम्म सहयोग |
| २०४९ | वन ऐन २०४९ र वन नियमावली २०५१ द्वारा सामुदायिक वन उपभोक्ता समूहहरूलाई वैधानिकता प्रदान | दर्ता प्रक्रियासँग परिचित नभएको हुनाले चेपाङहरू वनमा पहुँच प्राप्त गर्न सकेनन् । |
| २०५१ | जनयुद्ध सुरु, दलित गैसस महासङ्घको स्थापना | एस.एन.भी.द्वारा **प्रजा समुदाय विकास कार्यक्रम (पिसिडिपी १)** को थालनी |
| २०५३ | | नेपाल चेपाङ सङ्घ ( ने.चे.सं.) दर्ता । प्रजा सहकारीको आधिकारिक दर्ता |
| २०५५ | समावेशीकरणका लागि विभिन्न कानुनहरू जारी, उदाहरणका लागि, स्थानीय स्वशासन ऐन | चेपाङ आवाज पत्रिकाको नियमित प्रकाशन सुरु, ने.चे.सं.का जिल्ला तथा गाउँस्तरीय शाखाहरूको स्थापना सुरु |
| २०५६ | कमैया मुक्त (नेपालमा अधिकारमा आधारित अवधारणाको एउटा गतिशील अवसर) | पहिलो चेपाङ राष्ट्रिय सम्मेलनको आयोजना । एस.एन.भी.द्वारा **प्रजा समुदाय विकास कार्यक्रम (पिसिडिपी २)** को थालनी |
| २०५८ | मुलुकी ऐनको एघारौं संशोधन-२०५८ ले महिलाको सम्पत्ति माथिको अधिकार स्थापित | |
| २०५९ | राष्ट्रिय आदिवासी जनजाति उत्थान प्रतिष्ठान (नेफडिन) | सरकारद्वारा ने.चे.सं.लाई प्रजा विकास कार्यक्रमसँग सम्बन्धित |

| वर्ष | राष्ट्रिय स्तरमा प्रमुख घटनाक्रमर वा विकासक्रम | चेपाङ समुदायमा प्रमुख अवसर तथा प्रभावहरू |
|---|---|---|
| २०६० | | ने.चे.सं.द्वारा **चेपाङ मूलप्रवाहीकरण कार्यक्रम (सिएमपी)** को थालनी, चेपाङहरूको पाँचौ राष्ट्रिय सम्मेलनमा जारी मकवानपुर घोषणापत्रमा चेपाङहरूको जातिय पहिचानमा जोड |
| २०६१ | शाही कू | प्राकृतिक स्रोत र बासस्थानमाथिको अधिकार दावी गर्न ने.चे.सं.द्वारा चुन ढुङ्गा अभियानको थालनी |
| २०६२ | राजनीतिक दल र माओवादीको नेतृत्वमा जनआन्दोलन २ द्वारा शाही शासन अस्वीकार र प्रजातन्त्रको पुनःस्थापना<br><br>सात पार्टी गठबन्धन र नयाँ अन्तरिम संविधानद्वारा सबै सामाजिक समूहहरूको समावेशीकरणको आवश्यकतालाई मान्यता,<br><br>संविधानसभाका लागि मिश्रित निर्वाचन प्रणाली पारित,<br><br>अन्तरिम संविधानमा सङ्घीय राज्यको पक्षमा राज्यको पुनःसंरचना गरिने कुरा सहमत | |
| २०६३ | सात पार्टी र माओवादीबीच बृहत् शान्ति सम्झौतामा हस्ताक्षर | वकालतको फलस्वरूप प्राथमिक र माध्यमिक तहका सबै चेपाङ विद्यार्थीहरूलाई छात्रवृत्ति दिने सरकारको निर्णय |



सन् २००५मा चितवनमा आयोजित नागरिकता वितरण शिविरमा आवेदन लेख्न मद्दत गर्दै चेपाङ कार्यकर्ताहरू



नागरिकताको प्रमाणपत्र प्राप्त गरेपश्चात वृद्ध भत्ता पाउन आफूले गर्नु परेको संघर्ष सुनाउदै मकवानपुरकी एक चेपाङ महिला

## ३-४ चेपाङ समुदायमा उल्लेखनीय अवसरहरू

आफ्नै संस्था एनसीएको स्थापना गरेर र विभिन्न कार्यक्रमहरूमा आफूलाई सहभागी गराएर चेपाङहरू सशक्तीकरणको बाटोमा धेरै अगाडि आइसकेका छन् । उनीहरूका प्रमुख उपलब्धिहरूलाई यस भागमा प्रस्तुत गरिएको छ । अन्य महत्वपूर्ण अवसरहरूलाई नेपालको विकासका प्रमुख घटनाहरूको सन्दर्भमा तालिका ४ मा प्रस्तुत गरिएको छ ।

**१) पहिचान, एकता र वार्ता गर्ने शक्ति सुदृढ गर्ने**

सन् २००० यता चेपाङहरूको वार्षिक भेलाको शृङ्खलाको सुरुवात गरियो । सन् २००४मा भएको त्यस्तै पाँचौ भेलामा जारी गरिएको मकवानपुर घोषणापत्रमा प्रजाका रूपमा नभई चेपाङका रूपमा आफ्नो जातीय पहिचान कायम गरिनुपर्ने माग प्रस्तुत गरियो । त्यसले उठाएका मुद्दाहरू जीविकोपार्जन र साँस्कृतिक पहिचान दुवैलाई सुदृढ बनाउने सँग सम्बन्धित थिए । आफ्नै सामाजिक तथा जातिय संस्थाको माध्यमबाट आएको एकताको बढ्दो भावनाले पनि चेपाङहरूलाई अन्य समुदायले हेर्ने तरिकामा प्रभावित गऱ्यो । यो उनीहरूप्रति सम्मानको पहिलो सङ्केत थियो र क्रमश: चेपाङहरूले पनि स्रोत र अन्य समुदायले उपभोग गरिरहेका लाभहरूमा उचित पहुँच प्राप्त गर्न थाले । यो भावनालाई प्रजा सहकारीको सिद्धान्तले अझ बलियो बनाउने काम गऱ्यो, जसको उद्देश्य चेपाङ कृषकहरूको समर्थनमा चेपाङद्वारा उत्पादित सामानहरूको मूल्य बढाउनु रहेको थियो । चेपाङहरूले आफ्नै गैर वन काष्ठ पैदावरहरू पनि उत्पादन गर्न थालेको हुनाले बजारमा उनीहरूको मोलतोल गर्ने हैसियत पनि सुदृढ भयो । राजनीतिक चेतनाका साथै आत्मविश्वासमा वृद्धि हुनुको अर्थ वि.सं. २०४६ मा प्रजातन्त्रको पुर्नस्थापनपश्चात "भोट बैङ्क"का रूपमा लिइएको चेपाङहरूप्रति गरिने व्यवहारबारे राजनीतिक दलहरू अझ सावधान भए ।

**२) आधारभूत अधिकारको माग - नागरिकता**

सन् २००४ मा सिएमपी केन्द्रित १५ गाविसहरूमा १६ वर्ष र सो माथिका ६२७९ चेपाङहरू (कुल जनसङ्ख्याको ५८.९ प्रतिशत) सँग आधारभूत अधिकारलाई प्रमाणित गर्ने नागरिकता थिएन । यसमा पुरुष ५१.५ प्रतिशत र

महिला ६६.७ प्रतिशत रहेका थिए । नागरिकता र भूमिमा चेपाङहरूको अधिकार स्थापित गराउने सिएमपीको प्रयास बहुसङ्ख्यक चेपाङहरू अपरिचित रहेको कानुनी प्रक्रियाबारे चेतना वृद्धि गर्ने कार्यबाट सुरु भयो । एनसीएका स्थानीय कार्यकर्ताहरूलाई सिएमपी कार्यरत सबै जिल्लाहरूका प्रमुख जिल्ला अधिकारी सँगको सहकार्यमा स्थानीय नागरिकता शिविरहरूको आयोजना गर्न तालिम प्रदान गरियो । त्यस्तो कार्यलाई जिल्लाबाट सामुदाय स्तरमा पुऱ्याउनु आफैँमा एउटा उपलब्धि थियो, किनभने त्यसले आवश्यक प्रक्रियालाई चेपाङहरूको निकै नजिकमा ल्याइदियो । नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि नेपालमा विद्यमान लामो प्रक्रियाका कारण पनि यो काम चनौतीपूर्ण थियो । सन् २००७ मा ती चार जिल्लाहरूमा कुल ७,५४९ जना चेपाङहरूले नागरिकताको प्रमाणपत्र प्राप्त गरे । यसपश्चात उनीहरूले वृद्ध नागरिक र विधवालाई उपलब्ध गराइने भत्तामा दावी गर्नसक्ने, मताधिकार सुनिश्चित गर्ने, निर्वाचनमा उम्मेदवारको योग्यता पाउनसक्ने, जन्म, विवाह र मृत्यु दर्ताका लागि ढुक्क भएर सम्बन्धित कार्यालय जानसक्ने, राहदानी प्राप्त गर्नसक्ने, जमिन बिक्री तथा खरिद गर्नसक्ने, बैङ्कमा खाता खोल्नसक्ने, स्थानीय समूहहरूको सदस्यता प्राप्त गर्नसक्ने र सुविधाप्राप्त कुनै सामान तथा सेवाहरू प्राप्त गर्नसक्ने भएका छन् ।

**३) राष्ट्रिय सन्दर्भमा चेपाङहरूको उत्थान**

राष्ट्रिय स्तरमा ने.चे.सं.ले राजनीतिक दलहरू, अन्य आदिवासी सङ्घसंस्थाहरूका साथै दातृ निकाय र सञ्चारमाध्यमसँग सम्पर्क विस्तार गऱ्यो । यस प्रकारको सम्पर्क विस्तारको दुई वटा उद्देश्य थिए : एउटा मागहरू प्रस्तुत गर्नु र सहयोगका लागि आग्रह गर्नु र अर्को चेपाङहरूले सामना गरेका मुद्दाहरूबारे अन्य व्यक्ति तथा समुदायको जनचेतना वृद्धि गर्नु । यसका अतिरिक्त प्रजातन्त्रको पुनःस्थापनाका लागि सञ्चालित आन्दोलनमा एनसीएले सक्रिय भाग लिनुका साथै नेफिनसँगको आबद्धताको माध्यमबाट राज्यको पुनःसंरचनामा आफ्नो नीति तर्जुमा गरिसकेको छ । एनसीएका वर्तमान अध्यक्ष संविधानसभा चुनावमा उम्मेद्वारका रूपमा मनोनीत हुनुले व्यक्तिगत क्षमता र समूहगत प्रभावलाई उजागर गरिदिएको छ ।

**४) सहस्राब्दी विकासका लक्ष्यहरूमा योगदान**

चेपाङ समुदायसँग एस.एन.भी.ले सञ्चालन गरेका कार्यक्रमहरू सहस्राब्दी विकासका लक्ष्यहरू (एमडिजी) र अन्य वर्तमान राष्ट्रिय सूचकहरू अनुरूप निर्माण गरिएका थिएनन् । फलस्वरूप विभिन्न परियोजनाबाट तथ्याङ्क सङ्कलनमा रहेको एकरूपताको अभावका कारण विश्वव्यापी सूचकहरू लागु गर्न कठिन छ । तथापि कार्यक्रमका केही अंशहरूले केही वर्तमान प्राथमिकता प्राप्त विकासका लक्ष्यहरूलाई हासिल गर्नमा योगदान पुऱ्याएको छ ।

उदाहरणका लागि एमडिजी-लक्ष्य १-अत्याधिक गरिबी र भोक उन्मूलन गर्ने कुरा खाद्य सुरक्षा र प्राकृतिक स्रोत व्यवस्थापनको माध्यमबाट गरिने चेपाङ कार्यक्रमहरूको मूल विषय थियो । गैसस समूह साझेदार फरवार्डका अनुसार ६ महिनाका लागि पर्याप्त खाद्यान्न हुने घरपरिवारको प्रतिशत सिएमपी अवधिमा उल्लेखनीय रूपमा बढेर २९.९ प्रतिशत बाट ६३.३ प्रतिशत पुग्यो, जुन सन् १९९० को दशकमा अकल्पनीय थियो । तरकारी खेती, कसेराबारी, खेती प्रणाली प्रदर्सन र संरक्षण खेती उनीहरूको खाद्य सुरक्षामा सुधार ल्याउन विकसित गरिएका प्रमुख कार्यक्रमहरू थिए । यसका अतिरिक्त व्यावसायिक सागसब्जी तथा फलफुल, तरकारी बीउ उत्पादन, बाखापालन र मसलाखेतीको प्रवर्द्धनको माध्यमबाट आय आर्जनमा जोड दिने काम गरियो । पशु चिकित्सा सेवा, नर्सरी स्थापना र साना सिँचाइ योजनाहरूको पनि विकास गरियो : जसका लागि विभिन्न समूहहरूको क्षमता अभिवृद्धि गर्ने काम भयो ।

एमडिजी लक्ष्य-२-विश्वव्यापी प्राथमिक शिक्षा हासिल गर्ने कार्यलाई अनुगमन गर्ने एउटा सूचक साक्षरता दर पनि हो । सन् १९९३ मा चितवनका चेपाङ वस्तीहरूमा साक्षरता दर १७ प्रतिशत रहेकोमा सन् २००५ मा सिएमपी क्षेत्रमा साक्षरता दर ४९.३ प्रतिशत पुगेको थियो ।

एमडिजी लक्ष्य-३-लैङ्गिक समानता प्रवर्द्धन र महिला सशक्तीकरणको हकमा भने साक्षर पुरुष र महिला (१५( २४ वर्ष) बीचको अनुपातलाई अनुगमन सूचकको रूपमा लिने गरिन्छ । यो सन् २००५ मा ०.६६ बाट बढेर सन् २००७ मा ०.६९ पुग्यो । सन् २००३/२००४ मा ०.७३ रहेको राष्ट्रिय स्तरको अनुपातको तुलनामा कम नै रहे तापनि चेपाङहरूमा लैङ्गिक विभेद क्रमशः कम हुँदै गइरहेको छ ।

यी परिवर्तनहरू चेपाङहरूमा पुगेको प्रत्यक्ष सेवा आपूर्तिका अतिरिक्त हक दावी गर्ने र वार्ता गर्ने क्षमता बढेर आएका हुन् । कोष्ठक २ मा प्रस्तुत उदाहरणले शिक्षामा आफ्ना छोराछोरीको अधिकारको दावी अभिभावकहरूले कसरी गरे भन्ने कुरा देखाउँछ ।

**कोष्ठक २ : अनियमित शिक्षकहरू विरुद्ध दावी**

धादिङ जिल्ला स्थित श्री बुमरङ्ग राष्ट्रिय प्राथमिक विद्यालयको स्थापना वि.सं. २०३४ (सन् १९७७) मा भएको हो र हाल यहाँ कक्षा ४ सम्म पढाई हुन्छ जहां ९४ जना विद्यार्थी छन्, जसमध्ये ३० जना छात्रा छन् । हाल यहाँ केवल दुई जना शिक्षक छन्, जसमध्येका एकजना प्रधानाध्यापक हुन् । सन् २००७ को जनवरीमा एक महिनाभरि नै न त ती शिक्षक न प्रधानाध्यापक नै विद्यालय आए, तथापि विद्यार्थीहरूको विद्यालय आउने क्रम जारी रह्यो । अभिभावकहरूले त्यसबारेमा सिएमपीका सामुदायिक सहजकर्तासँग छलफल गरे र ती शिक्षकहरूको उपस्थितिमा अभिभावकहरूको बैठक आयोजना गरी उनीहरूलाई विद्यालयमा पढाइ किन भइरहेको छैन भनेर प्रश्न गरे । प्रधानाध्यापकले आफू आसन्न निर्वाचनका लागि मतदाता सूची सङ्कलन कार्यमा व्यस्त रहेको बताए । तर अर्का शिक्षकसँग कुनै बहना थिएन । चेतावनी स्वरुप अभिभावकहरूले उनीहरूले वार्षिक रूपमा पाउने १२ दिनको बिदाको सुविधालाई त्यस वर्षभरिका लागि रोक्का गरिदिने निर्णय गरे । शिक्षकहरूका विरुद्ध जिल्ला शिक्षा कार्यालयमा उजुरी दर्ता गर्ने पनि उनीहरूले निर्णय गरे । विद्यालयमा शिक्षकको अनियमित उपस्थितिका लागि यस्तो प्रकारको कारबाही उनीहरूले गरेको यो प्रथम पटक थियो ।

**५) व्यावसायिक रूपमा व्यावहारिक तथा दिगो समाधान- प्रजा (चेपाङ) सहकारी**

प्रजा सहकारीको स्थापना पिसिडिपी १ का क्रममा चेपाङ कृषकहरूका लागि कृषिजन्य उत्पादन र गैर काष्ठ वन पैदावारहरूको उचित मूल्य सहित बजारीकरणमा सुधार ल्याउन गरिएको हो । सेवा आपूर्ति र तालिम क्रियाकलापहरूको माध्यमबाट यसले उत्पादन र दिगो कटाइ प्रविधिबारेमा स्थानीय ज्ञान बढाउने उद्देश्य पनि लिएको छ । यस विकासक्रमको सञ्चालन चेपाङहरूसँगको समन्वयमा गरिएको थियो । जिल्लास्तरमा सरकारी निकायसँग सम्पर्क स्थापित गरिएको थियो, जस्तै जिल्ला सहकारी कार्यालय, जिल्ला वन कार्यालय र जिल्ला कृषि कार्यालय । यसका अतिरिक्त वैकल्पिक हर्बल उद्योग जस्ता संस्थाहरूको विकास गरियो र अन्तमा बडी सपलगायतका अन्तर्राष्ट्रिय स्तरका व्यापार सङ्गठनहरू पनि । सन् २००५ मा यसको सक्षमता र राम्रो पहुँचले ध्यान आकृष्ट गऱ्यो र कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय सहकारी विकास बोर्डबाट नमुना सहकारीको रूपमा मान्यता प्राप्त गऱ्यो ।

# ४. सफलताका तत्वहरू

चेपाङका लागि एस.एन.भी.का सहयोगी कार्यक्रमहरूको अनुभवको आधारमा यो अध्यायले विकास संस्थाहरूका लागि बहिष्कृत समूहहरू विशेषगरी अल्पसङ्ख्यक आदिवासीहरूसँग कसरी प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्ने भन्ने बारेमा केही उपयोगी सुझावहरू दिने काम गर्दछ। दोस्रो कुरा यसले साझेदारीमा सफलतापूर्वक काम गर्ने सम्बन्धमा अझ बढी सामान्य सुझावहरू प्रदान गर्दछ।

## ४-१ बहिष्कृत समूहहरूसँग काम गर्दा उपयोगी सुझावहरू

**१) शारीरिक सामिप्य र सघन अन्तरक्रियाको माध्यमबाट आपसी विश्वासको सम्बन्ध स्थापना**

आज विकास संस्थाहरूले तयारीका लागि सधैं पर्याप्त समयको अभावमा नै छिटो परिणाम दिने आशा गरिन्छ। सन् १९९० को दशकको मध्यमा पनि  बेसलाइन सर्वेक्षणका लागि छ महिनाको समय लगाउनु सामान्य थिएन, जुन कुरा सिसिडिपी १ को सुरुमा भएको थियो। यद्यपि यो एस.एन.भी. पिसिडिपी १ टोलीका लागि सबैभन्दा महत्वपूर्ण कदमहरू मध्ये एक थियो। पिसिडिपी टोलीकी प्राकृतिक स्रोत व्यवस्थापन तथा संस्थागत विकास परामर्शदाता क्यारोल ग्रिबनाउ, चेपाङ गाउँलेहरू र गैर चेपाङ गाविस सदस्यहरूसँग भएको सघन परामर्श प्रक्रियाले दुवै समूह र परियोजना टोली बीच आपसी विश्वासको सम्बन्धको स्थापनाका साथै चेतना अभिवृद्धिमा योगदान पुऱ्याउने काम गऱ्यो।

सिसिडिपी १ र सिसिडिपी २ का क्रममा परियोजना कार्यालय र एस.एन.भी.का पूर्णकालीन कर्मचारीहरू चेपाङ बसोबास गर्ने क्षेत्रको केन्द्र बिन्दुमा अवस्थित थिए, जसले गर्दा कर्मचारीहरूलाई चेपाङ गाउँलेहरूसँग लामो अन्तरक्रिया गर्ने अवसर प्राप्त भयो। यसले परियोजनाका लागि बाहिर कमै थाहा भएको आदिवासी समुदायहरूको सम्वृद्ध संस्कृतिबारे राम्रो बुझाइ भयो। यसले परियोजनाका कर्मचारीहरूमा बाहिरी व्यक्तिहरूले हेपाइको दृष्टिले हेर्ने गरिएका चेपाङहरू प्रति सम्मानको भावना पनि जागृत गरायो। कर्मचारी र चेपाङ बीचको आपसी सम्मानको सम्बन्धले वास्तविक रूपमा सहभागितामूलक विकास कार्यक्रमहरू सञ्चालन गर्न सकिने एउटा आधारको निर्माण गऱ्यो।

**२) अधिकार सुनिश्चित गर्ने**
**–उपयुक्त सवाल पहिचानको माध्यमबाट सामुदायिक विकासबाट वकालत तर्फ**

अधिकारमा आधारित अवधारणा (आरबिए) नेपालमा हिजो आज सबैभन्दा लोकप्रिय तर दुरुपयोग गरिएको विकासे नारा बन्न पुगे तापनि बहिष्कृत समूहहरूको कुनै पनि विकास कार्यक्रमको अन्तरमनमा यो समावेश हुनु अत्यावश्यक छ किनभने उनीहरूका विकासका आवश्यकताहरू धेरै अवस्थामा आधारभूत अधिकारबाट वञ्चित गरिएको अवस्थासँग सम्बन्धित हुने गर्दछ, जस्तै नागरिकता, भूमि स्वामित्व आदि।

पिसिडिपी १ को तैयारीको क्रममा उठेको प्रारम्भिक तहको बहस कार्यक्रमले बहिष्कृत समूहहरूको 'आवश्यकता' हरूलाई सम्बोधन गर्ने कि उनीहरूको 'अधिकार' लाई भन्ने विषयसँग सम्बन्धित थियो। त्यस सम्बन्धमा आफ्नो अनुभव सुनाउँदै, पिसिडिपी १ का क्रममा राष्ट्रिय निर्देशक र सन् २००७ मा अन्तरिम राष्ट्रिय निर्देशका रहेका टम डेरकसन भन्छन्- "सुरुमा सशक्तीकरणसम्बन्धी हाम्रो बुझाइमा 'अधिकार'को तत्व पक्कै पनि थियो। अधिकारबारे हाम्रो संस्था भित्र शृङ्खलाबद्ध बहस चले। तर त्यस समयमा हामीले आरबिए अवलम्बन नगर्ने

निर्णय लियौँ । तर आरबिएले उपलब्ध गराएको विश्लेषणात्मक ढाँचाले हामीलाई शसक्तीकरण प्रक्रियाको स्पष्ट बुझाइ प्रदान गऱ्यो ।"त्यस प्रकारका छलफलहरूको परिणाम स्वरूप पिसिडिपि १ को तैयारी 'अधिकार बाहक' र 'जिम्मेवार निकाय' जस्ता विकासे शब्दावलीहरूको प्रयोग बिना नै गरियो, तर न्यून चेपाङ र धेरै गैरचेपाङ रहेका सेवा प्रदायकहरू बीच शक्ति सम्बन्धलाई परिवर्तन गरिनुको महत्वमाथि प्रकाश पारिएको थियो । चेपाङहरू (अधिकार बाहक) को हकदावी गर्ने शक्ति बढाउने र गाविस वा गैससहरू (जिम्मेवार निकाय) आफ्नो जिम्मेवारी पूरा गर्ने क्षमतामा सुधार ल्याई सुहाउँदो वातावरणको विकास गर्ने उद्देश्यहरूलाई एकै ठाउँमा ल्याएर पिसिडिपी १ का लागि एउटा ढाँचा तयार गरियो ।



सन् २००६ मा गोरखामा भूमि अधिकारका सम्बन्धमा आयोजित एक अनुपम प्रदर्शन

सिएमपीमा नागरिकताको प्रमाणपत्र सम्बन्धी मुद्दालाई परियोजनाको एउटा प्रमुख अङ्गको रूपमा समावेश गरी हासिल गर्नुपर्ने स्पष्ट लक्ष्यहरू निर्धारण गरियो । यो अनुभवको माध्यमबाट एस.एन.भी. नेपालले आधारभूत सेवाहरूमा पहुँचका साथै राजनीतिक सहभागिताका लागि पनि आधारभूत अधिकारको रूपमा नागरिकता प्रमाणपत्रको महत्वलाई बुझ्यो । आजभोलि सबैजसो आवश्यकताहरूलाई सबै नागरिकहरूले चाहना राख्ने विकासको वैधानिक अधिकारका रूपमा प्रस्तुत गरि सकिएको छ । त्यसै कारण आवश्यकताहरूको परिपूर्तिका लागि भएका सङ्घर्षहरूको परिणामस्वरूप धेरै आवश्यकताहरू अधिकारको बन्न पुगेका छन् । विगतमा गरिबीलाई राजनीतिक अधिकारभन्दा पनि आर्थिक अधिकारबाट वञ्चित गरिएको रूपमा लिने गरिन्थ्यो । यद्यपि वर्तमान अधिकारमा आधारित सोचले असक्तीकरणको अवस्थामा कहिलेकाहिँ आर्थिक अधिकारभन्दा अगाडि राजनीतिक अधिकार सुनिश्चित हुनुपर्दछ भन्ने कुरालाई स्वीकार गर्दछ ।

समयसँगै प्राप्त सहयोगले चेपाङहरूको पैरवी तथा वकालत गर्ने क्षमता बढेको यथार्थ हो र यसले उनीहरूको मुक्ति र माग दावी गर्ने कार्यको सफलतामा उल्लेखनीय योगदान पुऱ्याएको छ । विगतको दस वर्ष चेपाङहरू प्रजाको रूपमा नभई चेपाङको पहिचान प्राप्त गर्न, नागरिकता र भूमि स्वामित्व प्राप्त गर्न, शिक्षामा पहुँच सुधार गर्न, महिला सहभागिता र सशक्तीकरणमा र प्राकृतिक स्रोतहरूमा आफ्नो अधिकारलाई सम्बोधन गर्ने कार्यजस्तै चुन ढुङ्गाविरुद्धको अभियानहरूमा सङ्घर्षरत रहे ।

सिमेन्ट उद्योग सहित खनीज पदार्थ उत्खनन गर्ने उद्योगहरू विरुद्धको उनीहरूको आन्दोलन वास्तवमै उल्लेख्य छ । गैसस समूह साझेदार सामुदायिक विकास संस्था (सिडिओ) को सहयोगमा ने.चे.सं.का युवा कार्यकर्ताहरूले आफ्ना बासस्थानमा खानी उद्योगले पार्ने सामाजिक प्रभावका अतिरिक्त सहित प्राकृतिक स्रोत सम्बन्धी निर्णय प्रक्रिया संयन्त्र, भूमिबाट प्राप्त अधिकार, जीविकोपार्जन र रोजगारसम्बन्धी विस्थापनजस्ता विभिन्न जटिल विषयवस्तुमा अनुसन्धान गरे । विस्थापित गरिएको उनीहरूको दावीको अझै सम्म समाधान नभए तापनि

उनीहरूको अनुसन्धानको निष्कर्षलाई व्यापक रूपमा प्रचार प्रसार गरिएको र त्यसले सञ्चार माध्यमको ध्यान आकृष्ट गरेको छ ।

आफ्नै समुदायका व्यक्तिहरूको सचेतना तथा परिचालन र आम सञ्चार माध्यम र साँसद जस्ता सरोकारवालाहरूसँगको राम्रो समन्वयले गर्दा यी उल्लेखनीय उपलब्धिहरू हासिल गरिएका हुन् । समुदायमा आधारित संस्था (सिबिओ) र सामुदायिक विकासको सुरुका दिनमा फस्टेका अन्य सक्रिय समूहहरूसँग स्थानीय तहमा बलियो आधारको स्थापना बिना ने.चे.सं.ले यी मुद्दाहरूलाई त्यति प्रभावकारी रूपमा सम्बोधन गर्न सकेन ।

**३) राष्ट्रिय तहमा आदिवासी सङ्गठनहरुलाई समूह, सिबिओबाट सहयोग**

चेपाङहरूको कथामा एउटा पृथक कुरा भनेको बहिष्कृत समूहका बदलिँदो आवश्यकतामा आधारित कार्यक्रम निर्माण तथा साझेदारी प्रक्रियामा रहेको नौलोपन हो । चेपाङहरूले सरकार समक्ष आफ्ना अधिकारका लागि वकातल सुरु गर्दा वा राष्ट्रिय तहमा सहयोगको खोजी गर्दा उनीहरूलाई आफ्नै राष्ट्रिय संस्था आवश्यक थियो । तर त्यसको आधारशीला स्थानीय तहमा खडा गरिनु पर्दथ्यो । त्यसै कारण ने.चे.सं.लाई प्रायः गाउँगाउँमा पहुँच भएका थोरै संस्थाहरूमध्येको एउटा संस्थाका रूपमा लिने गरिन्छ ।



सन् २००७ मा ने.च.सं.को गोरखा जिल्ला कार्यकारिणी समितिको सहसचिवमा नियुक्त एक युवा चेपाङ महिला

सुरुमा चेपाङहरूको अधिकार दावी गर्ने आफ्नो कुनै संस्था थिएन, तथापि उनीहरूका आफ्नै परम्परागत संस्थाहरू जस्तैः पर्मा, चाडपर्वका लागि मासु बांडेर खाने समूह विद्यमान थिए । त्यसै कारण पिसिडिपी १ को एउटा उद्देश्य चेपाङहरूको एउटा स्थानीय स्तरको संस्था गठन गर्नु थियो, जसका लागि विषयगत योगदान गैससहरूले उपलब्ध गराए । पिसिडिपी २ ले गाविस स्तरमा पाँचवटा चेपाङ सिबिओहरूको स्थापना र सुदृढ बनाउने काम गर्‍यो । पिसिडिपीको अन्त्यमा कार्यान्वयन गर्ने जिम्मेवारी एस.एन.भी. नेपालबाट राष्ट्रिय स्तरको चेपाङहरूको नेतृत्वमा रहेको ने.चे.सं.लाई हस्तान्तरण गर्ने निर्णय लिइयो ।

## ४.२ साझेदारीमा काम गर्ने

**१) उत्प्रेरक शक्तिका रूपमा स्थानीय मानवस्रोत**

सिलसिलेवार कार्यक्रमहरूको कार्यान्वयनका क्रममा एस.एन.भी.का कर्मचारीको भूमिका विकास योजनाहरूको कार्यान्वयनकर्ताबाट स्थानीय समूह तथा चेपाङ सिबिओहरूको क्षमता अभिबृद्धिकर्ताका रूपमा परिवर्तन भयो । उनीहरूका प्रारम्भिक दायित्वहरू क्रमशः सिबिओ र स्थानीय चेपाङ मानवस्रोत जस्तै सामाजिक परिचालक,

अगुवा कृषक, सामुदायिक वन सहजकर्ता र गैर काष्ठ वन पैदावर सम्बन्धी सुपरिवेक्षकहरूमा हस्तान्तरण गरियो । तत्कालीन द्वन्द्वरत पक्ष माओवादीले पनि चेपाङ सिबिओ र स्थानीय व्यक्तिको परिचालनको माध्यमबाट यस कार्यक्रमले सशक्तीकरण र विकासमा वास्तविक रूपमै योगदान पुऱ्याएको पुष्टि गरेको थियो ।

पिसिडिपी १ का क्रममा गाउँ स्तरमा कामको संयोजन गर्ने स्थानीय सामुदायिक समूह तथा स्थलगत सामुदायिक सहजकर्ताहरूले आवश्यकता र मागको आधारमा 'योजनाबद्ध सामाजिक परिचालन' कार्यक्रमको सुरुवात गरिएको थियो । यो योजना अवधि पश्चात कार्यक्रमहरूलाई दिगो बनाउने प्रयास गर्ने मानवस्रोतको विकासको थालनी भएको थियो । कार्यक्रमले उनीहरूलाई आफ्नै गाउँ ठाउँमा काम गर्ने अवसर प्रदान गर्नुका साथै रोजगारका महत्वपूर्ण अवसरहरू पनि उपलब्ध गरायो । सिएमपी मध्यकालीन समीक्षाले "स्थानीय व्यक्तिको संलग्नता रणनीतिक छ किनभने यसले दिगोपन र कार्यकुशलताका साथै कार्यक्रमको स्वामित्वमा योगदान पुऱ्याउँने काम गर्दछ" भन्ने उल्लेख गरेको थियो ।

यी योजनाहरू चेपाङ समुदायहरूमा युवा मानवस्रोतको विकास गर्नमा निश्चिय नै योगदान पुऱ्याएका छन् । तीमध्ये केही व्यक्तिहरू पछि ने.चे.सं.मा प्रवेश गरे र उनिहरु मध्ये केही कार्यक्रम समाप्त भएपश्चात पनि सामुदायिक नेताहरू बन्न पुगे । यसमा सुन्तली माया चेपाङ एक उदाहरण हुन् :

**कोष्ठक ३ : स्वतर्फूत रूपमा समुदायको सहजीकरण -चितवनकी सुन्तीमाया चेपाङको जीवनकथा**

सुन्तली माया चेपाङको जन्म चितवन जिल्लाको सिद्धि गाविसको देउजर भन्ने ठांउमा भएको हो । पिसिडिपी १ का क्रममा उनी स्थानीय उत्प्रेरक थिइन् । ती व्यस्त दिनहरूलाई उनी उत्साहका साथ सम्झने गर्छिन् । उनले स्थानीय समस्याहरूको पहिचान गर्न, तालिममा सहभागी हुन र आफ्नो गाउँको विकासका बारे निर्णय लिन १० देखि १५ जना महिला तथा पुरुषको स्थानीय समूहहरू गठन गरिन् । धेरै महिला र पुरूषले पनि उनलाई विश्वास गर्दथे, त्यसले गर्दा समूहहरूमा सामेल हुन उनीहरूलाई बोलाउन उनलाई सजिलो भयो । पिसिडिपी बन्द भएपश्चात पनि केही समूहहरूको बैठकले निरन्तरता पायो । तथापि जनयुद्धले गर्दा बैठकहरू आयोजना गर्न कठिन भयो । आफू र आफ्नो श्रीमान् दुवै कार्यकारी समितिका सदस्यहरू रहेको सहकारी संस्था अझै पनि राम्रैसँग चलेको देख्न पाउँदा उनी खुसी छिन् ।

आज सुन्तली माया चितवन जिल्लाको पदमपुरमा अन्य सयौं चेपाङहरू सँगै सार्वजनिक जग्गाको एउटा सानो टुक्रामा बस्ने गर्दछिन् । सुकुम्बासीहरूको आन्दोलनका कारण सरकारले त्यस स्थानमा बस्न दिने सहमति जनाएपछि उनीहरू पहाडी क्षेत्रबाट यहाँ सरेका हुन् । यो आन्दोलनको संयोजना ने.चे.सं.ले गरेको थियो । सुन्तली माया आफूलाई विगतमा पिसिडिपी र हाल ने.चे.सं.सँग गाँसिएको अनुभव गर्दछिन् । उनको छिमेकमा समूहहरू गठन गर्न उनी मद्दत गर्दछिन् । सायद यो उनको बानी नै बनिसक्यो । उनी स्थानीय सुकुम्बासी सङ्घको सदस्य रहनुका साथै आफैंले स्थापना गरेको बचत समूहमा पनि उनी संलग्न छिन् । उनको एउटा सानो पसल छ र सबै जातजातिका महिला छिमेकीहरूसँग भेटघाट गर्न उनलाई मनपर्छ । हालै मात्र उनले एउटा स्थानीय एफएम रेडियोलाई दिइएको अन्तर्वार्तामार्फत आफ्नो जीवनकथा अरूलाई सुनाएकी थिइन् । सिद्धिको बाल्यकालदेखि आजसम्म आफूले धेरै प्रगति गरेको उनी अनुभव गर्दछिन् ।

**२) बाहिरिया र स्थानीयको सम्मिलन**
**- गैसस र अधिकारवाहक संस्थाहरूबीच सम्वेदनशील शक्ति सम्बन्ध**

सिएमपी अन्तर्गतको "स्थानीय मानवस्रोत बढाउने र बाहिरियाहरूको संलग्नता कम गर्ने" रणनीति सान्दर्भिक रहेको र जसले योजनालाई प्रभावशाली बनाएको कुरामा कुनै शङ्का थिएन । यद्यपि सिएइडी/सिकाउकी कार्यकारी निर्देशक, समीता प्रधानले आफ्नै उद्‌गम स्थलमा काम गर्दा स्थानीय सहजकर्ताहरूले कठिनाइहरूको सामना गर्नुपरेको अनुभव गर्नु भयो । यसले उनीहरूको नयाँ सम्बन्ध विकास गर्ने र गाउँलेहरूका अनावश्यक आग्रहहरूलाई अस्वीकार गर्ने उनीहरूको क्षमतालाई प्रभावित गऱ्यो किनभने उनीहरू पनि त्यही समुदायकै सदस्य थिए । आफ्नो गाउँबारे पूर्व स्थापित विचारहरूलाई हटाउन र आफ्नो अवस्थालाई विभिन्न पक्षबाट पुनः समीक्षा सुरु गर्न स्थानीय सहजकर्ताहरूलाई समय लाग्यो । उनको विचारमा विकास कार्यक्रममा बाहिरिया र स्थानीय व्यक्तिको राम्रो मेल हुनु आवश्यक छ ।

गैर चेपाङले नेतृत्व गरेको गैसस र अधिकारबाहक संस्था भनिने सिबिओहरू र पछि ने.चे.सं.बीच सहकार्य सबै कार्यक्रमहरूको एउटा समान कुरा रहेको थियो । यद्यपि सिएमपीका क्रममा उनीहरू शक्ति सम्बन्धमा निकै परिवर्तन आयो । साझेदारीमा रहेको सम्वेदनशीलताहरू र एउटा अन्तर(मध्यस्थ संस्थाको रूपमा आफ्नो जिम्मेवारीबारे एस.एन.भी.ले जान्न सक्यो । सिद्धान्तमा ने.चे.सं.ले चेपाङहरूको हितलाई प्रतिनिधित्व गऱ्यो र यो पहुँच गाउँ, जिल्ला र राष्ट्रिय तहसम्म रह्यो । योजनाको स्वामित्व र दिगोपनालाई सुनिश्चित गर्नका लागि यो महत्वपूर्ण थियो । यसका अतिरिक्त, ने.चे.सं.को संलग्नता द्वन्द्वको समयमा पनि अत्यावश्यक थियो । यसमा सिएमपी मध्यकालीन समीक्षाले नेपालमा धेरै अन्य विकास कार्यक्रमहरू सशस्त्र समूहहरूबाट रोक्का वा बन्द गरिएको सन्दर्भमा ने.चे.सं.ले नेतृत्व गर्नुको अर्थ योजनाको काम "द्वन्द्वबाट कम प्रभावित हुनु" भनी विशेष उल्लेख गरेको छ ।

ने.चे.सं.को नेतृत्वमा रहेको सिएमपीको समूहगत शैलीको फाइदाहरूबारे सबै सरोकारवालाहरू सहमत भए तर समूहका धेरै सदस्यहरूले मध्यकालीन समीक्षाको अवधिमा ने.चे.सं.को सञ्चार सम्पर्क र समन्वयमा रहेको असक्षमता र कमजोरीलाई औँल्याउने काम गरे । तथापि मध्यकालीन समीक्षाको सुझावहरू जस्तैः "एक अर्का बीच प्रतिस्पर्धा गर्नुभन्दा एक अर्कालाई सहयोग गर्न सीपको हस्तान्तरणमा प्राथमिकता दिने"कार्यको सबै सरोकारवालाहरूले लागू गर्ने प्रयास गरे । तर उनीहरूले आफूहरूलाई सिकारु समकक्षीका रूपमा सम्मान र व्यवहार गरिनुपर्ने साझेदारभन्दा पनि उपठेकेदारका रूपमा हेरिएको अनुभव गरे । तालिमप्राप्त कर्मचारी र स्रोतका अतिरिक्त यी गैससहरूसँग चेपाङ वा अन्य जातीय समूहहरूसँग काम गरेको प्राथमिक अनुभव थियो । ने.चे.सं.लाई सहयोग गर्नुको महत्वमा उनीहरूको पूर्ण सहमति रहेको र लामो समयसम्म काम गरेको चेपाङहरूसँग एक्यबद्धताको भावना रहे तापनि ने.चे.सं. अन्तर्गतको परियोजनामा आफ्नो दोस्रो दर्जाको हैसियत स्वीकार गर्न कहिलेकाहिँ कठिन हुने उनीहरूले अनुभव गरे ।

पिसिडिपी १ र २ का क्रममा एस.एन.भी., गैसस साझेदार र चेपाङ संस्थाहरू बीच अन्तर-मध्यस्थकर्ताका रूपमा रहेको थियो । पिसिडिपी १ र २ का पूर्व कार्यक्रम व्यवस्थापक र पछि एस.एन.भी.को सहयोग प्राप्त सिएमपीका लागि सामाजिक समावेशीकरण परमर्शदाता सञ्जय राणाले आफ्नो अनुभव यसरी सुनाउँछन् :

*पिसिडिपीको समयमा चेपाङहरूसहित साझेदारहरूकाबीच राम्रो विश्वास थियो किनभने सरसल्लाह हुने गर्दथ्यो र हामी कार्यक्रमको कार्यान्वयनमा संयुक्त रूपमा संलग्न थियौँ । समान हैसियतको साझेदारी सम्झौता थियो । "असहमत हुनु सहमत हुने भावना"को अनौपचारिक संस्कार स्थापित थियो र इमान्दार तथा समालोचनात्मक अन्तरक्रिया र आड भरोसा विद्यमान थियो । तर (सिएमपीमा) ने.चे.सं.को आत्मविश्वासको कमी र आफ्ना समर्थकहरूका विरुद्ध बोल्न डराउने हुंदा आफ्नो अनुभव बाँड्ने र संलग्न साझेदारहरूलाई चुनौती दिन त्यति आलोचनात्मक र खुला थिएन ।*

ने.चे.सं.ले सिएमपीको व्यवस्थापन तीन गैससहरूसँग औपचारिक र ठाडो हिसावले चलाउने प्रयास गऱ्यो भने गैसस साझेदारहरूले व्यक्तिगत तहमा बढी आदानप्रदान गर्दै अनौपचारिक छलफलहरू गर्ने कोसिस गरे । तर सिएमपी भित्र त्यस्ता प्रयासहरूलाई संस्थागत गरिएन । त्यसमा पनि केही साझेदारहरूले विश्वास गुमाए र आफ्नो कुशलता र प्रभावकारिता प्रमाणित गर्न रक्षात्मक बने । यो सम्भवतः ने.चे.सं.लाई प्रशासनिक कामको अत्याधिक भार भएको र तीनवटा गैसस साझेदारहरूलाई नेतृत्व प्रदान गर्ने पर्याप्त क्षमता नभएको कारणले भएको हुनसक्छ । यसबीच गैसस साझेदारहरूले आफ्नो कामको सीमारेखा पनि स्पष्ट नभएको र अस्थिर प्रकृतिका कारण आन्दोलनले नेतृत्व गरेको कामका लागि समूहगत शैली सधैँ प्रभावकारी नभएको अनुभव गरे । पछि ने.चे.सं.ले एउटा योजनामा फेरि धेरै साझेदारहरूसँग समान किसिमको समूह गठन नगर्ने निर्णय गऱ्यो । तथापि अन्य कहिं गैससहरूसँग यसको अझै पनि द्विपक्षीय सम्झौताहरू जारी छ र द्विपक्षीय सम्बन्धमा गैसस समूहका पूर्व साझेदारहरूबाट यसले प्राविधिक सहयोगको आशा गर्दछ ।

**३) अन्य कर्ताहरूसाग सम्बन्धित गर्ने- सहजीकरणको प्रक्रियाबाट केन्द्रीय तहमा सम्बन्धको विकास**

सुरुवातदेखि नै एस.एन.भी. नेपालले क्षेत्रगत मुद्दामा विशेषज्ञता हासिल गरेका अन्य कर्ताहरू लाई सहभागी गरायो, उदाहरणका लागि साझेदार गैसस र स्थानीय निकायजस्तै : गाविस, नेफिन, नेफडिन र स्थानीय विकास मन्त्रालय सिएमपीको सञ्चालक समितिको सदस्यहरू बनेपश्चात ने.चे.सं.ले आफ्ना जिल्लाहरूमा कार्यरत स्थानीय गैससहरूमात्र नभई राष्ट्रिय स्तरका निकायहरूसँग पनि राम्रो सम्बन्ध स्थापित गर्नसक्यो । आफूलाई एउटा सङ्गठित आदिवासी संस्थाको रूपमा उभ्याउन ने.चे.सं.का लागि नेफिन र नेफडिन दुवै महत्वपूर्ण संस्था थिए । उनीहरूले पछि ने.चे.सं.लाई कहीं आर्थिक सहयोग पनि उपलब्ध गराए, उदाहरणका लागि वृत्तचित्रको निर्माण र मातृभाषामा शिक्षाको प्रवर्द्धनका लागि प्राप्त सहयोग । सिएमपीको सरकारी अधिकृतहरूबाट पनि प्रशंसा भयो । सिएमपी मध्यकालीन समीक्षा टोलीको सदस्यको रूपमा पहिलो पटक चेपाङ वस्तीहरूको भ्रमणमा पुग्दा स्थानीय विकास मन्त्रालयका उपसचिव हिराराज रेग्मी प्रभावित हुनुभयो । एनसीए र यसका समूहका साझेदारहरूको प्रयासबाट उहाँ ढुक्क हुनुभयो । पछि सिएमपीलाई उहाँले आदिवासी संस्थाले नेतृत्व प्रदान गरेको योजनाको नमुनाका रूपमा प्रायः धेरै कार्यक्रम र स्थानहरुमा उल्लेख गर्नुभयो । त्यस प्रकारका सम्बन्ध र मान्यताले ने.चे.सं.को आत्मविश्वासमा बल प्रदान गऱ्यो ।

# ५. सिकेका पाठहरू

यस अध्यायमा पहिला प्रमुख सिकाइहरूलाई प्रस्तुत गरिएको छ र त्यसपछि एस.एन.भी.का लागि सान्दर्भिक केही बुँदाहरू उल्लेख गरिएका छन् ।

## ५-१ समीक्षा र योजनाका लागि सामान्य सिकाइहरू

**१. दीर्घकालिन अन्तर्दृष्टिले अधिकारबाहक संस्थाहरूको मुख्य कार्यलाई सुदृढ गर्ने**

नेपालमा बहिष्कृत समुहहरूले नेतृत्व गरेको अधिकार बाहक संस्थाहरूको अवधारणा अझै पनि नयाँ छ र अवधारणा आफैं पनि उनीहरूबीच विकसित हुँदै आइरहेको छ । यद्यपि अधिकारबाहक संस्थाहरूको समग्र मूल ध्येय र क्षमता तर्फ ध्यान नै नदिइ अल्पकालीन योजनाहरूका लागि केहिलेकाहिँ दाताहरूले सजिलै स्रोतहरू उपलब्ध गराउँछन् । यसले गर्दा अधिकारबाहक संस्थाको मूल उद्देश्य फरक पर्न गई 'स्वयंसेवी' को भावना कमजोर हुन सक्छ । सिद्धान्ततः परिभाषाले अधिकारबाहक संस्था (आरएचओ) हरूले आन्दोलनको नेतृत्व गरेर वा अन्य नागरिक समाजका सङ्गठनहरूसँग गठबन्धनको विकास गरेर आफ्ना सदस्यहरूको हकहितलाई प्रतिनिधित्व गर्नुपर्दछ । उनीहरूको कार्य क्षेत्र अन्तर्गतका निकायहरूको तर्फबाट सेवाहरू आपूर्ति गर्ने उपठेकेदारको रूपमा हुनुहुँदैन । सञ्जय राणाको अनभवमा सहयोग उपलब्ध गराउने संस्थाहरूले आरएचओहरूलाई उनीहरूको मूल ध्येय अनुसार मद्दत गर्नुपर्छ र अति आवश्यक भएको अवस्थामा प्राप्त योजना व्यवस्थापन सहयोग उपलब्ध गराउनुपर्दछ ।

**२.अनुगमनका सूचकहरूलाई राष्ट्रिय सूचकहरूसाग समान्जस्य गराउन**

चेपाङ समाजमा निकै नजिकमा रहेर परिवर्तन ल्याउने एस.एन.भी. एउटा मूख्य संस्था हो भन्ने कुरामा कुनै शंका छैन । यद्यपि त्यस्तो सामिप्यताले बृहत सन्दर्भमा चेपाङहरूको वास्तविक प्रगति देख्न र अभिलेख गर्ने काम गर्दछ । पिसिडिपी १ पश्चात एस.एन.भी. र यसका साझेदार गैससहरू र त्यसपछि ने.चे.सं.ले कार्यक्रमहरूको योगदान र परिणामको अनुगमन गर्ने प्रयास गरिरहेका छन् । तर अन्य आदिवासी/जाति समूहको तुलनामा चेपाङहरूमा आएको परिवर्तन देखाउन वा निश्चित जिल्लाहरूभित्र उनीहरूको प्रगति विश्लेषण गर्न धेरै प्रतिवेदनहरू असफल भएका छन् ।

सिएमपीको शिक्षा कार्यक्रम अन्तर्गत सुरुको वर्षमा एउटा बेसलाईन सर्वेक्षण गरिएको थियो तर त्यसका सूचकहरू शिक्षा तथा खेलकुद मन्त्रालयको अनुगमन प्रतिवेदनहरू अनुरूप बनाउने काम गरिएन । सिएमपीको मध्यकालीन समीक्षाले अनुगमन प्रणालीमा सुधार गर्नुपर्ने सुझाव दिए तापनि सान्दर्भिक परिवर्तनहरू ल्याउन सकिएन । यसमा केही हदसम्म एस.एन.भी.का परामर्शदाताहरूको कमजोर अनुमगन सीप र ने.चे.सं., साझेदार गैसस र एस.एन.भी.बीच अनुगमनको जिम्मेवारी बाँडफाँडमा अपस्टता र जिम्मेवारीको स्पष्ट वांडफांड नहुनु रहेको छ । सिएमपीका लागि कार्यरत सामुदायिक सहजकर्ताहरू आफ्नो समाजमा आफूले पुऱ्याएको योगदानबाट स्वभाविक रूपमा सन्तुष्ट थिए तर चेपाङ र अन्य व्यक्तिका बीचको अन्तर कम गर्न उनीहरूको व्यक्तिगत प्रयासले ल्याएको भिन्नतालाई प्रमाणित गर्ने उनीहरूसँग कुनै आधार थिएन । आफ्नै जिल्लामा गैरचेपाङ भन्दा उनीहरूको विकास प्रगति अझै पनि ढिलो रहेको छ छैन भन्ने कुरामा पनि उनीहरू निश्चिन्त थिएनन् ।

चेपाङहरूलाई सहयोग गर्ने एस.एन.भी. नेपाल मात्र नभई सबै कर्ताहरू र गैससहरू पनि चेपाङ र अन्य समुदायबीचको वास्तविक दूरी वस्तु परक रूपमा मूल्याङ्कन गर्न चेपाङहरूसँग ज्यादै नजिक र सहानुभूति राख्दथे । एस.एन.भी.को कार्यक्रमको सुरुवातमा स्वभाविक रूपमा चेपाङहरू आफ्नो क्षेत्रमा सबैभन्दा सीमान्तकृत समूहका रूपमा रहेका थिए । तर पछिका चरणहरूमा यी कर्ताले आफ्ना अवधारणाहरूलाई लक्षित गरिएको आधारको समीक्षा गर्नुपर्दथ्यो । कम्तीमा पनि दुई समुदायबीचको दूरीलाई स्पष्ट रूपमा कम गर्ने योजनाका लक्ष्यहरू निर्धारण गर्न र वरिपरिका समुदायहरूको विकासमा योगदान पुऱ्याउनु पर्दथ्यो । त्यस प्रकारको प्रयासले सबै सम्बन्धित सरोकारवालाहरूले आफ्नो कामको प्रगति विवरण राष्ट्रिय सूचक र एमडिजीहरूको अनुपातमा दिने कार्य हुनसक्थ्यो। अनुगमन प्रणालीहरूलाई बढी तुलनात्मक बनाउनका लागि सुधार गर्ने कार्यको नेतृत्व एस.एन.भी.ले लिनुपर्दथ्यो । यसले चेपाङहरूको प्रभावशाली प्रगतिलाई अघिल्लै चरणमा बाहिरी विश्वमा प्रचारप्रसार गर्न मद्दत गर्न सक्थयो र यसले उनीहरूको आत्मविश्वासमा बल पुऱ्याउने काम गर्दथ्यो ।

### ३.फेज आउटको योजना अगाडि नै गर्ने

सिएमपीका क्रममा एस.एन.भी. नेपालले आफूलाई एउटा कार्यान्यवनको कार्य क्षेत्रबाट 'परामर्शजन्य संस्था'को रूपमा निकै छिटो रूपान्तरित हुन पुग्यो। अध्याय २ मा व्याख्या गरिए जस्तै एस.एन.भी.का परामर्शदाताहरूले साधारण परामर्श क्षमता अभिवृद्धिको भूमिका अतिरिक्त प्रक्रिया सहजकर्ता, सम्बन्ध व्यवस्थापक, रणनीतिक निर्माता र विशेषज्ञ अगुवाको विभिन्न भूमिका निभाउनु परेको थियो। यद्यपि एस.एन.भी.का परामर्शदाताहरू ने.चे.सं.को कमजोर सञ्चालन क्षमताका कारण सिएसपीको दैनिक कार्य सञ्चालनमा संलग्न हुनबाट आफूलाई टाढा राख्न सकेन ।

लामो समयसम्म निश्चित परामर्शदाताहरूको निरन्तर संलग्नताको माध्यमबाट ने.चे.सं. र एस.एन.भी. नेपालबीचको सम्बन्ध पुरानो हुँदै गएको थियो । यद्यपि त्यस्तो व्यवस्थाले अन्तर निर्भता पनि सिर्जना गऱ्यो र पछि व्यावसायिक सम्बन्धको स्थापनामा अप्ठ्यारो पनि बन्न पुग्यो । उदाहरणका लागि एस.एन.भी. नेपाल र ने.चे.सं.बीचको कार्य सम्झौता साधारण थियो र स्पष्ट बेन्चमार्क सहित एस.एन.भी.को जिम्मेवारीपूर्ण फेज आउने कार्यलाई पहिचान गरेन । अर्को शब्दमा भन्नुपर्दा विद्यमान व्यवस्थापन संयन्त्रहरूको राम्रोसँग प्रयोग गरिएन । उदाहरणका लागि अनुभवप्राप्त परामर्शदाताहरूबाट प्रशिक्षणको माध्यमबाट परामर्शजन्य सेवाहरूको सम्बन्धमा निरन्तर सुधार हासिल गरिएन । ग्राहकको सन्तुष्टि मूल्याङ्कन गर्ने प्रक्रियाहरू र समयको अभिलेख राख्ने प्रणालीहरू स्थापित थिए तर अर्थपूर्ण पक्षपोषणका लागि सधैं पर्याप्त थिएनन् ।

सिद्धान्तमा एस.एन.भी.ले सेवाग्राही संस्थाको माग अनुसार विभिन्न प्रकारका परामर्शजन्य सेवाहरू उपलब्ध गराउनुपर्ने हो । तर वास्तविकमा ने.चे.सं. र अन्य : सेवाग्राही संस्थाहरूका लागि एउटा भूमिकाबाट अर्को भूमिकाको पहिचान गर्न र भिन्नता छुट्टाउन कठिन थियो । एस.एन.भी.का परामर्शदाताहरू पनि काम गर्ने शैली अनुसार आफूलाई परिवर्तन गर्न र विभिन्न सङ्गठनात्मक मागहरू पूरा गर्न पछि परे । सिएमपीको तेस्रो वर्षमा ने.चे.सं.का अधिकृतहरूले कार्यक्रमको व्यवस्थापन गर्न साधारण परामर्श सहयोगको उनीहरूलाई आवश्यकता नरहेको महसुस गरे । तर विषयगत मुद्दाहरू जस्तै आदिवासीहरूका लागि कानुनी मुद्दाहरूका लागि सहयोगको खाँचो थियो । त्यस प्रकारका मागहरूलाई एस.एन.भी.ले पर्याप्त मात्रामा सम्बोधन गर्न सकेन तर भाग्यवश गैसस समूहका साझेदारहरूका अतिरिक्त ने.चे.सं.ले स्रोत प्रदान गर्ने अन्य संस्थाहरूसँग पनि आफ्नो सम्बन्ध स्थापित गरिसकेको थियो । उदाहरणका लागि ने.चे.सं. सामुदायिक स्वावलम्बन केन्द्रसँग भूमि अधिकारसम्बन्धी एउटा सर्वेक्षणमा काम गरिरहेको छ । सन् २००६ पछि एस.एन.भी. नेपाल ने.चे.सं.को सबैभन्दा नजिकको सहयोगी रहेन जुन सम्भवत: ने.चे.सं.को वृद्धि र सफलताको सूचक हो ।

### ४.बहिष्कृत समूहहरूमा गरिब माथि बढी जोड

आफ्नो सहयोगलाई एस.एन.भी.ले बहिष्कृत समूहको रूपमा चेपाङ माथि 'लक्षित' गरे तापनि गाउँमा सबैभन्दा गरिब र घरपरिवारको स्तरमा सबैभन्दा सीमान्तकृतहरूको यसले पहिचान गरेन । एस.एन.भी.ले उनीहरू किन सीमान्तकृत तथा गरिब छन् भन्ने कारणहरूको बुझाइमा बढी आधारित भएर क्रियालापहरूको छनौट गर्नसक्थ्यो । तथापि त्यस प्रकारका कार्यक्रमका लागि राम्रो विश्लेषणात्मक क्षमताको आवश्यकता पर्दछ । यसका लागि सामाजिक तथा आर्थिक संरचनाहरूको मात्र नभई पहुँच र नियन्त्रणसम्बन्धी मुद्दाहरूसँग सम्बन्धित शक्ति सम्बन्धको पनि समीक्षा गरिनु आवश्यक छ । त्यसपश्चात गरिबीका कारणहरूलाई सम्बोधन गर्ने प्रयासहरूलाई व्यवहारमा लागू गर्नपर्छ र यो सबैभन्दा चुनौतीपूर्ण चरण हो । यी प्रयासहरूलाई अभ्यासमा परिवर्तन गर्ने क्रममा एस.एन.भी.का कार्यक्रमहरूको समीक्षाले सुधारका लागि सम्भावनाहरू रहेको देखाएको छ । त्यसै कारण पिसिडिपीको समयमा गरिबहरूलाई कम गरिब चेपाङबाट अलग राख्न केही मार्ग पहिल्याउने काम गरेको भए तापनि परियोजना कार्यान्वयमा सबै क्रियाकलाप अझ बढी साधारण र समान रूपमा लागू गरियो ।

### ५) लैङ्गिक सम्बन्धलाई चुनौती प्रदान गर्न अझ बढी केन्द्रित हुने

सिएमपीको निर्माण चेपाङ महिला आन्दोलनमा महिला सहभागिता परिचालन तथा वृद्धि गर्न र सम्पत्तिमाथिको अधिकार र थप शिक्षामा पहुँच प्राप्त गर्ने उद्देश्यका साथ गरिएको थियो । यद्यपि सिएमपी मध्यकालीन समीक्षाले लैङ्गिक सम्बन्धको विस्तृत एजेन्डामा ने.चे.सं.को कम ध्यान गएको पाएको थियो । महिला अधिकारसम्बन्धी केही कार्य भने सम्पन्न गरिए । उदाहरणका लागि महिलाहरूले नागरिकताको प्रमाणपत्र पाए, आदिवासीहरूको आन्दोलनको क्रममा राजनीतिक बहसहरूमा सहभागी भए र चेपाङका परम्परा तथा भाषाको प्रवर्द्धन गर्ने साँस्कृतिक कार्यक्रमहरूबाट पनि लाभान्वित भए । लैङ्गिक उद्देश्यअन्तर्गत सिएमपीको योगदानहरू निम्न थिए:

- जिल्ला र गाउँस्तरीय ने.चे.सं.मा ३० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्ने नीति निर्माण
- सबै स्तरमा कर्मचारीदेखि समुदायका सदस्यहरूका लागि लैङ्गिक सचेतनाको आयोजना
- महिलाहरूबाट स्वालम्बन बचत समूहहरूको गठन

बढी जोड महिला सहभागिता बढाउनेमा दिइएको देखिन्छ, तथापि यसमा निर्णय प्रक्रियामा पहुँच पनि समावेश थियो । महिलाहरूलाई विद्यमान सामाजिक मान्यता वा महिला र पुरूषबीचको असन्तुलित शक्ति सम्बन्धलाई वास्तविक रूपमा चुनौती दिन सहयोग गर्नुको सट्टा परिवारको एउटा दिगो अर्थतन्त्र सुनिश्चित गर्ने माध्यमको रूपमा हेरिने गरिन्थ्यो । लैङ्गिक मुद्दाहरूको सवालमा अधिकारमा आधारित अवधारणको रूपमा विकसित गरिएको सिएमपी पिसिडिपीहरूबाट उल्लेख्य रूपमा आएको देखिँदैन । यसका अतिरिक्त महिला अधिकारमा अझ बढी प्रगतिशील रूपमा कार्यरत अन्य साझेदारहरूसँग चेपाङ महिलाहरूलाई सम्बन्धित गराउन एस.एन.भी. फेरि पनि असफल रह्यो ।

## ५-२ एस.एन.भी.मा परामर्श कार्यको सन्तुलन

### १) सक्षमता विरूद्ध एकबद्धता

एस.एन.भी. नेपालले आफ्नो काममा सघाउ पुऱ्याउन विभिन्न साधनहरूको विकास गरेको छ : उदाहरणका लागि लैङ्गिक लेखाजोखाका लागि सङ्गठनात्मक मूल्याङ्कन साधन । ने.चे.सं.को प्रभावकारी रूपमा मूल्याङ्कन गर्न र संस्थालाई बलियो बनाउन कमिकमजोरीहरूको पहिचान गर्नका लागि यी साधनहरूको प्रयोग गर्न

एनएसनभीका परामर्शदाताहरू सक्षम थिए । तथापि मूल्याङ्कनका यी साधनहरू बढी सामान्य छन् र कुनै पनि ग्राहकमाथि लागू गर्न सकिन्छ । उदाहरणका लागि जिल्लामा नयाँ स्थापित सहकारी देखि लिएर काठमाडौँमा रहेको एउटा परिचित नाफामूलक संस्था । ग्राहकहरूसँग विभिन्न तहमा शृङ्खलाबद्ध छलफलहरूको माध्यमबाट यी साधनहरूको विकास गरिए तापनि त्यसमा स्थानीय/सङ्गठनात्मक सन्दर्भ जोड्ने कमै स्थान छ ।

ने.चे.सं.का सदस्यहरूले यी साधनहरू आफ्नो संस्थामा लागू गर्न सधैँ उपयुक्त नहुने पाए । उनीहरूले सीपमूलक प्राविधिक सहयोग कम र आफ्नो आन्दोलका लागि बढी एक्यबद्धताको आशा गरे ।

आफ्नो परामर्शजन्य सेवाहरूको माध्यमबाट परामर्शदाताहरूले ठोस परिणाम ल्याउने एस.एन.भी. व्यवस्थापनले आशा गर्दछ र प्रत्येक वर्ष समय व्यवस्थापनको महत्वमाथि जोड दिँदै आएको छ। फलस्वरूप यसले परामर्शदाताहरूलाई ने.चे.सं.द्वारा आयोजित अवसरहरू वा समग्र जनजाति आन्दोलनमा सहभागी हुन निरुत्साहित गरेको छ। बहिष्कृत समूहहरूसँग कार्यरत सामाजिक समावेशीकरण परामर्शदाताहरू समय व्यवस्थापनका बाबजुद प्राथमिकता समयको प्रभावकारितालाई दिने वा एक्यबद्धता जनाउनमा दिने भन्ने वारे सदैव द्विविधाको सामना गरे । तर टम डेरकसनले भने जस्तै, "प्राविधिक ज्ञान भन्दा पनि महत्वपूर्ण परामर्शदाताको मानसिकता र व्यवहारले वास्तवमा अर्कोको विकास गर्ने प्रयास गर्दछ । यद्यपि प्रभावकारी प्राविधिक परामर्श र अत्यावश्यक मानव एक्यबद्धताबीच सन्तुलन कायम गर्नु परामर्शदाताहरूका लागि सदैव चुनौतीपूर्ण हुनेगर्दछ ।" सहुलियत प्राप्त विकास संस्थाहरूको भए तापनि विशुद्ध स्वयमसेवी संस्थाहरूका लागि तलब बापत काम गर्ने कुनै पनि विकासे कार्यकर्ताका लागि यो द्विविधा समान कुरा हो। उनीहरूले दुई भिन्न प्रकारका संस्थाहरूबीचको आधारभूत असमानताको सामना गर्नुका साथै त्यसबाट समस्या पनि पर्ने गर्दछन्, जसले 'वास्तवमा कतिसम्मको एक्यबद्धता हुनसक्छ' भन्ने प्रश्न खडा गर्दछ ।

**२) अन्य क्षेत्रका कार्यक्रमहरूसाग सम्बन्धित गर्ने**
**–एस.एन.भी.मा चेपाङहरूको अवस्था**

एस.एन.भी. नेपालका पूर्व क्षेत्रीय व्यवस्थापक र हाल एस.एन.भी. घानामा कार्यरत राजेश श्रेष्ठ चेपाङ क्षेत्रमा एस.एन.भी.को कार्यक्रमको प्राथमिक चरणमा संलग्न थिए। चेपाङ क्षेत्रमा जानुको प्रेरणा अल्पसङ्ख्यक जातिका मुद्दाहरूमा एस.एन.भी.को चासो रहको उनी स्पष्टसँग सम्झन्छन् । सन् १९९० को सुरुमा नेपालमा 'बहिष्करण' वा 'समावेशीकरण'लाई विकास शब्दावलीका रूपमा कसैले प्रयोग गर्ने गरेको थिएन र त्यो समयमा यो एस.एन.भी. नेपालका लागि निश्चय पनि प्राथमिकताको विषय थिएन ।

पिसिडीपी १ र पिसिडीपी २ लाई एस.एन.भी.को रणनीतिमा समावेश गरिएको समयमा पहिलाका तीन क्षेत्रगत कार्यक्रमहरू शासन, निजी क्षेत्रको विकास र प्राकृतिक स्रोत व्यवस्थापनको तुलनामा क्षेत्रीय कार्यक्रमहरूमाथि जोड दिने गरिन्थ्यो । सन् २००४ बाट एस.एन.भी. नेपाल क्रमशः क्षेत्रगत अवधारणा र माथि उल्लिखित क्षेत्रहरूमा बढी कार्यक्रमहरू सञ्चालन गर्ने तर्फ अघि बढ्यो । पछि सन् २००४ मा सिएमपीलाई 'समावेशी शासन र आधारभूत सेवा' नामक पोर्टफोलियो टोलीले सहयोग प्रदान गरेको 'चेपाङहरूका लागि सशक्तीकरण' को रूपमा प्रस्तुत गरियो । फलस्वरूप चेपाङ सहयोगलाई शासनको ढाँचा अन्तर्गत समानान्तर प्रयासका रूपमा मात्र हेरियो, तथापि निजी क्षेत्रको विकास र प्राकृतिक स्रोत व्यवस्थापनमा धेरै क्रियाकलापहरू दोहोरिन गएका थिए ।

एस.एन.भी. नेपालले सहयोग गरेको अन्य केही कार्यक्रमहरू चेपाङहरूको बसोबास क्षेत्रमा कार्यान्वयन गरिएको थियो । उदाहरणका लागि ग्रामीण गरिबी उन्मूलनका लागि पर्यटन कार्यक्रम चितवनको शक्तिखोर गाविसमा थियो । कार्यक्रमलले चेपाङ समुदायले प्रयोग गर्ने साधनहरू प्रर्दशित गर्ने एउटा लोक संग्राहलयलाई सहयोग गर्नुका साथै चेपाङ गाउँहरूमा आतिथ्य गर्ने कार्यको प्रवर्द्धन गऱ्यो । कार्यक्रमबाट केही चेपाङहरूले लाभ उठाएता पनि यसका कार्यक्रमको निर्माणमा स्थानीय चेपाङ संस्थाहरूको संलग्नता थिएन । धेरै पटक ने.चे.सं.ले एस.एन.भी. नेपाललाई आफूले सञ्चालन गरेको क्षेत्रमा आधारित कार्यमा चेपाङ र चेपाङ संस्थाहरूलाई सहभागी गराउन आग्रह गऱ्यो । सिएमपी मध्यकालीन समीक्षाले चेपाङ र अन्य कार्यक्रमहरूका लागि प्रदान गरिने सहयोगबीचको रणनीतिक सम्बन्धलाई एस.एन.भी.ले स्पष्ट पार्नुपर्ने सुझाव दिनुका साथै अझ बढी बहुक्षेत्रगत परामर्शको आवश्यकता रहेको उल्लेख गरेको थियो ।

एस.एन.भी.ले सन् २००६ मा केन्द्रीय तराई पोर्टफोलियो (सिटिपी)को क्षेत्रीय कार्यालय मकवानपुर जिल्लामा स्थापना गरे पश्चात ने.चे.सं.ले सकारात्मक परिवर्तनहरूको अपेक्षा गऱ्यो । त्यहाँ सिएमपी पनि सञ्चालित थियो । ने.चे.सं.का महासचिव सन्त बहादुर चेपाङले सिटिपीको माध्यमबाट एस.एन.भी.का अन्य अभ्यसाहरूसँग अझ बढी संयोजनको आशा गरेका थिए । यद्यपि सिटिपीले फेरि पनि ने.चे.सं.लाई आफ्नो क्षेत्रमा ने.चे.सं.रणनीतिक साझेदार वा अन्तरक्षेत्रगत (Cross Sector) ग्राहकको रूपमा प्रस्तुत गरेन । वि.सं. २०६४ मा सिटिपीले ने.चे.सं.सँग एस.एन.भी.को सिकाइलाई अन्य बहिष्कृत समूहहरू जस्तै : मधेसी दलितमा प्रतिस्थापित गर्ने कार्यलाई प्राथमिकता प्रदान गऱ्यो । चेपाङहरूलाई सहयोग उपलब्ध गराउँदै आएको काठमाडौंस्थित राष्ट्रिय कार्यालयमा अवस्थित कार्यालयलाई एस.एन.भी.ले हेटौंडास्थित सिटिपीमा सारेर विस्तारै ने.चे.सं. छोड्ने डर सन्त बहादुर चेपाङलाई भयो ।

केही हदसम्म चेपाङहरूलाई गरिएको सहयोग प्रत्येक पक्षबाट अद्धितीय थियो जस्तै स्थानीय स्तरमा समुदायसँग नजिकको सम्बन्ध, क्षेत्रगत नभइ जन केन्द्रित अवधारण, बढी प्रक्रियामूखी आदि । तर दुःखको कुरा एस.एन.भी.भित्र आएको द्रुत र निरन्तर परिवर्तनका कारण त्यस प्रकारको अद्धितीयपनलाई राम्रोसँग बाँड्ने काम भएन र खोजी गर्दा मात्र देखिने भयो । यस अद्धितीय उदाहरणलाई एस.एन.भी. नेपालले अगाडि नै उपयोग गर्नसक्थ्यो जसबाट धेरै परामर्शदाताहरूलाई उदाहरणका लागि रणनीतिक रूपमा चक्र प्रणालीमा आधारित कामको माध्यमबाट अल्पसंख्यका मुद्दाहरूप्रति सचेत बनाउन सकिने थियो ।

# ६. एस.एन.भी.को सफल अनुभवको अन्य बहिष्कृत समूहहरूमा बिस्तार (Replication)

सन् २००८ देखी २००९ सम्मका लागि नयाँ रणनीतिको तयारी गर्दा सन् २००७ मा एस.एन.भी. अन्योलमा थियो। यस अध्यायमा अन्य बहिष्कृत समूहहरू जस्तैः दलित संगठनहरूसँग जारी प्रयासहरूमा सिकिएका पाठहरूको अभ्यास भयो भएन भनेर र त्यसको परिमाण स्वरूप एस.एन.भी.को परामर्श सेवामा कसरी परिवर्तन गरिएको छ भन्ने समीक्षा गरिन्छ। दलित गैसस र अन्य बहिष्कृत समूहहरूलाई समावेश गर्न एस.एन.भी.को सहयोग विस्तार गरियो।

## ६-१ वकालत र सेवा आपूर्तिकर्ता बीच सहयोगको सन्तुलन

पिसिडिपीहरूमा चेपाङहरूका लागि प्राप्त सहयोगको हकमा परामर्शदाताहरू धेरै ने.चे.सं.का समर्थकहरू थिए, तथापि उनीहरूले गाविस र जिविसहरूलाई पनि सहयोग उपलब्ध गराए। पूर्व र मध्यपश्चिम टोलीहरूमा कार्यरत जिल्ला पोर्टफोलियो परामर्शदाताहरूले अझ बढी चुनौतीपूर्ण दोहोरो भूमिका निभाउने प्रयास गरिरहेका थिए। उनीहरू विशेषगरी स्थानीय सरकारी निकायहरूको सेवा आपूर्ति गर्ने सीप सुदृढ गर्न काम गरिरहेका थिए। तर परामर्शदाताहरूले नागरिक समाजका संस्थाहरूको क्षमता विकास गर्ने अन्य जिम्मेवारीहरू पनि बहन गरे जसमा सेवामा पहुँचको माग गर्न बहिष्कृत समूहहरूबाट गठित संस्थाहरू पनि थिए। एउटै संस्था वा एउटै व्यक्तिबाट काम त्यस प्रकारको मेल नेपालमा विरलै पाइन्छ। यो सजिलो कुरा होइन, परामर्शदताहरूले दुवै 'पक्ष'हरूसँग राम्रो कार्य सम्बन्ध कायम गर्न सावधानीपूर्वक सन्तुलीत भूमिका निभाउनु पर्दछ।

सन् २००६ मा यो कार्यशैली सुरु गर्दा परामर्शदाताहरूले यसले उनीहरूलाई विवादास्पद अवस्थामा पुर्‍याउने अनुमान गरेका थिए। पैरवी र वकालतको माध्यमबाट आफ्नो अधिकारको दावी गर्न बहिष्कृत समूहहरूको सशक्तीकरण गर्नाले सेवा प्रदायकहरू विशेषगरी सरकारी निकाय अन्तर्गका संस्थाहरूसँग असन्तुलनको स्थिति निम्त्याउने कुरा धेरैले सोचेका थिए। यसको कारण अधिकार बाहक संस्थाहरूमा सम्भावित पैरवी र वकालतका विभिन्न पद्धतिहरूको सीमित बुझाइ हो। उदाहरणका लागि समुदायले चाल्ने कदममा प्राय स्थानीय सरकारी कार्यालयमा तालाबन्दी गर्ने कार्य हुने गर्दछ। हडताल र नाकाबन्दी दिनहुँ जस्तो हुने नेपालमा यो सामान्य शैली हो। वार्ताको माध्यमबाट पैरवी र वकालत गर्ने रचनात्मक तरिकाहरूको विकास गर्न तथ्याङ्क र सैद्धान्तिक प्रमाण सहितको व्यावहारिक वार्तालाई सहयोग गर्न जरुरी छ। यद्यपि त्यसप्रकारको पद्धतिमा आफूलाई प्रस्तुत गर्न बहिष्कृत समूहहरूका लागि कठिन छ किनभने सेवा आपूर्तिको अभाव, न्यून गुणस्तर र कम संख्याको परिणामबाट दैनिक रूपमा सेवाग्राहीका रूपमा पनि उनीहरूले समस्याको सामना गर्नुपर्ने हुन्छ।

मध्य पश्चिम क्षेत्रमा कार्यरत संगठानात्मक विकास सल्लाहकार रिक भान कुलेन एस.एन.भी.मा मार्ग परिवर्तनका लागि रहेको कठिनाइहरूलाई यसरी प्रस्तुत गर्दछन्ः

*जिम्मेवार निकायमा सामाजिक समावेशीकरण र लैङ्गिक समानताको मूलप्रवाहीकरण र अधिकारबाहक संस्थाहरूको सशक्तीकरण दुवैमा प्रतिबद्ध रहेतापनि एस.एन.भी. नेपाल आफै भित्र पनि सेवा आपूर्तिको लामो इतिहास रहेको छ। यो कुरा संस्थाले भर्ना गरेका नयाँ कर्मचारीहरू, यसका सञ्जाल र प्रचार प्रसारबाट अलग रहने प्रवृतिमा स्पष्ट देखिन्छ। एस.एन.भी.को संगठनात्मक संस्कृतिले हाम्रा ग्राहकहरूलाई प्रभावित गर्दछ। उदाहरणका लागि हाल संगठनात्मक विकासको चरणमा रहेको दलित अधिकारबाहक संस्थाहरू हामीमाथि अझै पनि निकै निर्भर छन्। यसले विशेषगरी उनीहरूलाई सेवा आपूर्ति तर्फ ठोहोर्‍याउने अन्य तत्वहरू (जस्तै*

*आर्थिक सहयोगमा कमि) छ भने अधिकारबाहक संस्थाहरूलाई कसरी प्रभावित गर्छ भन्ने बारेमा एस.एन.भी.ले आन्तरिक रूपमा एउटा समान सहमतिको खोजी गर्नु आवश्यक छ ।*

दुर्गम क्षेत्रमा आरएचओहरूसँग काम गर्ने सबै संस्थाहरूका लागि सम्भवत एउटा समान मुद्दा छ । प्रथम कुरा आरएचओहरूले घटनामा आधारित पैरवी जस्तै एक दिने अभियानमा प्राय संलग्न हुने गुनासो गर्दछन । पैरवी र वकालतका लागि दीर्घकालीन सहयोगको अभावले उनीहरूको अभियानहरूको मापनयोग्य प्रभाव ल्याउन सक्दैन । अर्को तर्फ छात्रवृत्ति वितरण कार्यक्रमहरू जस्ता सेवा आपूर्ति योजनाहरूलाई प्राय दीर्घकालीन सहयोग प्राप्त हुनेगर्छ र यसले उनीहरूको संस्थाको दिगोपना सुनिश्चित गर्दछ । दोस्रो कुरा पैरवी र वकालतका लागि दीर्घकालीन सहयोगका लागि अवसरहरू काठमाडौं वा क्षेत्रीय सदरमुकामहरूमा बढी उपलब्ध छन् तर धेरै आरएचओहरू अवस्थित ग्रामीण स्तरमा छैनन । त्यसैकारण आफ्ना जिल्लाहरूमा उपलब्ध सेवा आपूर्ति योजनाहरूका लागि आर्थिक सहयोगको आवेदन दिनु बाहेक उनीहरूसँग अर्को विकल्प छैन ।

नेपालको पूर्व र मध्यपश्चिम क्षेत्रमा दलित गैससहरूलाई प्राप्त संगठनात्मक विकास सहयोगको फलस्वरूप उनीहरू विस्तारै आफ्ना जिल्लाहरूमा दलितहरूको प्रतिनिधिहरूका रूपमा मान्यता प्राप्त गर्न थालेका छन् । दलित उत्थान जिल्ला समन्वय समिति (DUDCC) र आदिवासी जनजाति जिल्ला समन्वय समिति (ADJCC) सरकारको नेतृत्वमा सञ्चालित कार्यक्रमहरूले आयोजना गर्ने वैठकहरूमा उनीहरू संलग्न हुने गर्दछन् । स्थानीय विकास तालिम प्रतिष्ठानसँगको सहकार्यमा एस.एन.भी. नेपालले यी समितिका सदस्यहरूको संगठनात्मक भूमिकामा अभिमुखीकरण कार्यलाई सहयोग गर्दै आएको छ । त्यसै समयमा एस.एन.भी. नेपालले काठमाडौंमा अवस्थित स्रोत संस्था, सगुनले तयार पारेको सामाजिक समावेशीकरण र लैङ्गिक समताका स्रोत पुस्तकमा आधारित भएर स्थानीय कार्यकर्ताहरूका लागि प्रशिक्षक प्रशिक्षण तालिमको आयोजना गऱ्यो । यी दुई प्रकारका तालिमले बहिष्कृत समूहलाई आफ्नो अधिकारको दावी गर्न र सरकारी निकायलाई समतामूलक सेवा आपूर्ति गर्न सहयोग गरेर समातामूलक र समावेशी समाजको प्रवर्द्धन गर्ने एस.एन.भी.ले विश्वास लिएको

## ६.२ बहु सरोकारवाला वातावरणमा प्रक्रिया सहजीकरण वा मध्यस्थता

प्रत्येक आरएचओसँग जारी संस्थागत विकास र संगठनात्मक सुदृढीकरणका अतिरिक्त एस.एन.भी.ले विभिन्न आरएचओहरू बीच वार्ताको सहजकर्ता र आरएचओहरूबीच उत्पन्न हुनसक्ने सम्भावित द्वन्द्वमा मध्यस्थकर्ताको आफ्नो भूमिका पनि पहिचान गरिसकेको छ । जुम्ला जिल्लामा अछुत सम्बन्धी परम्परागत साँस्कृतिक विश्वासका कारण दलितहरूलाई प्रवेश निषेध गरिएको एउटा मन्दिरमा पहुँच सम्बन्धी अधिकारको दावी गर्दै तीन दलित गैससहरू काम गर्न सुरु गरे । एक अर्कालाई प्रतिस्पर्धीको रूपमा लिनुको सट्टा दलित गैससहरू संयुक्त रूपमा काम गर्ने प्रयास गरिरहेका छन् । आफ्नो आवाजलाई अझ बढी रणनीतिक रूपमा उठाउन सरकारी क्षेत्रकासाथै आरएचओहरूबीचको सम्बन्ध ज्यादै महत्वपूर्ण चरणहरू हुन् ।

राष्ट्रिय तहमा एस.एन.भी. नेपालले दलित संगठन र सहयोग प्रदान गर्ने संस्थाहरूको सञ्जाल दलित सहयोग कर्न्सोटियम मञ्चलाई सक्रिय रूपमा सहयोग उपलब्ध गराइरहेको छ । सन् २००७ को सेप्टेम्बरमा एस.एन.भी.ले मधेसी दलितहरूको संयुक्त वैठकको आयोजना गरी मधेसी दलित र पहाडी दलितले नेतृत्व गरेको संगठनहरू बीच वार्ता गर्न प्रेरित गरेको थियो । यो प्रयासलाई दलितसँग र दलितका लागि काम गर्ने अन्य सरोकारवालाहरूले पनि राम्रो लिएका थिए ।

## ६-३ मध्यस्थता, सञ्जालीकरणमा बढ्दो भूमिका र बजार विकासमा थप सम्पर्क विन्दुहरू

विभिन्न पक्षहरूबाट त्यस प्रकारको विस्तृत सहयोग प्राप्त गर्ने आदिवासी संगठनहरू कमै छन् । ने.चे.सं.सँग एउटा उत्कृष्ट अवसर थियो जसले दीर्घकाली सहयोगलाई सुनिश्चित गऱ्यो । अन्य बहिष्कृत समूहहरूको हकमा ने.चे.सं.को अनुभवलाई अंगाल्न उनीहरू अझै पनि धेरै साना छन् । ने.चे.सं. आँफै पनि रिर्पोटिङ्ग गर्ने र आफ्नो संगठनको व्यवस्थापन गर्ने सीप अझै पनि विकास गर्न आवश्यक रहेतापनि यसमा व्यापक पहुँचको क्षमता र राष्ट्रिय तहमा सञ्जालीकरण र वकालतका लागि काठमाडौंमा एउटा रणनीतिक सम्पर्क विन्दु रहेको छ ।

अन्य बहिष्कृत समूहहरूका लागि एस.एन.भी. नेपालले संगठनात्मक विकास र तालिमाका लागि प्राविधिका सहयोगका अतिरिक्त आफ्नो कार्यक्रम बजेटबाट साना अवसरहरू उपलब्ध गराइरहेको छ । उदाहरणका लागि दलित गैससहरू आफ्नो जिल्लमा दलितहरूको अवस्था मुल्याङ्कन गर्न एउटा सर्वेक्षण गरे । यसमा एस.एन.भी.ले प्राविधिक सहयोग उपलब्ध गराएको थियो । जिल्ला तहमा विभिन्न तालिमहरूका पनि दलित गैससहरूले सामग्री सहयोग उपलब्ध गराए । यो अनुभव र जिल्लमा रहेका एस.एन.भी.का परामर्शदाताहरूले प्रदान गरेको प्रशिक्षणले गर्दा दलित गैससका सदस्यहरूको अरुको सामू व्यवसायिकका रूपमा प्रस्तुत गर्न आत्मविश्वास र कामको अनुभव बढेको छ । एस.एन.भी. राष्ट्रिय कार्यक्रम समीक्षा २००७ ले सूचना र स्रोत संस्थाहरूमा न्यून पहुँच भएको दुर्गम जिल्लाहरूमा साना गैससहरूको निरन्तर क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंलाएको थियो ।

त्यस प्रकारको लामो सहयोगबाट स्वावलम्बन तर्फ लाग्नका लागि दलित गैससहरूले आर्थिक सहयोगको खोजी गर्नुपर्दछ । दातृ निकायको पृष्ठभूमीका बारेमा ज्ञानको अभावको अर्थ उनीहरूलाई आर्थिक सहयोगका अवसरहरू पहिचान गर्न र सहयोगका लागि प्रस्तावहरू तयार गर्न एस.एन.भी.बाट सहयोगको खाँचो छ । त्यसैले एस.एन.भी. परामर्शदाताहरूबाट मार्गदर्शन र प्रशिक्षण उनीहरूका लागि अत्यावश्यक सहयोगका रूपमा रहेको छ । एस.एन.भी. राष्ट्रिय कार्यालयले दातृ निकाय र आरएचओको राष्ट्रिय सञ्जालबीच सम्पर्क स्थापित गर्नेमा सहयोग गर्दै यी जिल्लामा आधारित संगठनहरूलाई सहयोगको आवश्यकता रहेको अवस्थामा स्रोत उपलब्ध गराउने संस्थाहरूसम्म पुऱ्याइदिने काम गर्छ । उदाहरणका लागि सन् २००६मा दलित गैसस महासंघ र एस.एन.भी.को मध्यपश्चिम क्षेत्रीय कार्यालयद्वारा आयोजित “सबैका लागि शिक्षा” सम्बन्धी पैरवी र वकालत कार्यशालामा मध्यपश्चिमका दलित गैससहरूका युवा नेताहरू सहभागी भएका थिए । दलित गैसस महासंले “समावेशी शिक्षाको प्रवर्द्धन्” शीर्षकको योजनाका लागि एउटा प्रस्ताव पेश गऱ्यो र अन्य स्रोत संस्थाहरूसँग मिलेर कार्यशालाको सहजीकरण गऱ्यो । चेपाङ अनुभवबाट सिकेका पाठहरूको फलस्वरूप एस.एन.भी.ले दलित गैसस महासंघ र जिल्लामा रहेको त्यसका सदस्यहरू र स्रोत संस्थाबीच प्रारम्भिक वार्ताको सहजीकरण गऱ्यो । प्रारम्भिक सहयोग निश्चित भएपश्चात कुनै विवाद आएको अवस्थामा बाहेका एस.एन.भी. back stopping को भूमिका भन्दा माथि नजाने विचार लिएको छ ।

अर्को घटनामा संस्थाको सामान्य क्षमता अभिवृद्धि भन्दा पनि पर उत्पादनहरूका लागि बजारको विकास गर्ने चुनौती आयो । पूर्वी नेपालमा एस.एन.भी.ले औद्योगिक उद्यम विकास संस्थाले कार्यान्वयन गरेको ‘ग्रामीण उद्यम सहयोग कार्यक्रम’ नामक कार्यक्रमको माध्यमबाट दलितहरूलाई सहयोग उपलब्ध गरायो । यो प्रयासले केही हदसम्म दलितहरूको जीविकोपार्जनमा केही सुधार ल्याउने सम्भावना भएतापनि यसले आवश्यकता

अनुरुपको दीर्घकालीन आर्थिक रूपान्तरण ल्याउने काम गर्दैन। सान्दर्भिक क्षेत्र वा विषयवस्तुमा आधारित प्राविधिक सहयोगसहितको साधारण क्षमता अभिवृद्धि सबैभन्दा प्रभावकारी हुन्छ। दलित संगठनहरूको प्रत्यक्ष क्षमता अभिवृद्धिका अतिरिक्त एस.एन.भी.ले अन्य माध्यमहरू जस्तै लघु वित्तीय संस्थाहरूबाट क्रमशः क्षमता अभिबृद्धि तथा सहजीकरण गर्ने तालिम प्राप्त दलितहरूका लागि सुहाउँदो वातावरण सिर्जना गर्न आवश्यक छ।

# ७. निष्कर्ष र भविष्यको मार्गदर्शन

चेपाङ जातिसँग काम गरेर एस.एन.भी. नेपालले आधारभूत अधिकार प्रत्याभूत गर्नु भनेको बहिष्कृत समूहहरूलाई सशक्त तुल्याउने कार्यको एउटा अत्यावश्यक पक्ष हो भन्ने कुरा सिकेको छ। यसका अतिरिक्त आफ्नो गाउँस्तरीय आधारहरूलाई बलियो बनाउने समुदायहरूमा प्रभावकारी र विस्तृत पहुँच सुनिश्चित गर्नका लागि महत्वपूर्ण सञ्जालस्थापित भएको पनि देखिएको छ।

यी कुराहरूलाई अन्य बहिष्कृत समूहहरूलाई सहयोग गर्ने प्रवेश विन्दुका रूपमा प्रतिस्थापन गरियो। प्राथमिक समीक्षाको चरणमा रहेता पनि एस.एन.भी.ले आफ्नो क्षेत्रमा आधारित अवधारणामा कर्ताहरूको विभिन्न मिश्रणलाई प्रोत्साहित गर्ने प्रयास गरिरहेको छ। उदाहरणका लागि दलित गैससहरूले दैनिक खानेपानीमा पहुँचको अधिकारको दावी गर्ने आशा गर्न सकिन्छ भने अन्य गैससहरूले प्राविधिक सीपको माध्यमबाट दावी गर्ने प्रक्रियालाई समर्थन गर्दछन्। चेपाङहरूको कथामा त्यस प्रकारका प्रयासहरू प्रायः केही निश्चित जिल्लाहरूमा मात्र सीमित हुने गरेका थिए तर अब एस.एन.भी.ले वकालत सम्बन्धी कार्यक्रमहरूलाई राष्ट्रिय स्तरसम्म सम्बन्धित गराउने प्रयास गर्दै राष्ट्रिय सूचकहरूमा त्यसको योगदानलाई जोड दिनेछ।

बहिष्कृत समूहहरूसँग एक दशकभन्दा लामो समय काम गरेको हाम्रो अनुभव तथा सिकाईहरूको आधारमा त्यस प्रकारको अवधारणाको सुरुवात प्रत्येक क्षेत्र (वा भौगोलिक क्षेत्र) र प्रायः क्षेत्रहरूभित्र र बाहिर असन्तुलित शक्ति सम्बन्धको चिरफारबाट हुनुपर्ने कुरामा जोड दिइनेछ। त्यसपश्चात बहिष्कृत व्यक्तिहरूको सशक्तीकरणलाई सम्बोधन गर्ने सहयोग तथा कार्यक्रमहरूको विकास गरिनुपर्दछ। विभिन्न क्षेत्रहरूसँग सम्बन्ध स्थापित गरेर बहिष्कृत व्यक्तिहरूको रोजाइ/विकल्पहरूको प्रवर्द्धन तथा वृद्धि गर्न एस.एन.भी.ले उनीहरूको विचारलाई बढी कदर गर्नेछ। यसमा समावेशी तथा समतामूलक विकासको सम्पूर्ण प्रक्रियामा उनीहरूको सहभागितालाई प्रोत्साहित गर्ने कुरा समावेश हुनेछ। एस.एन.भी.का साझेदारहरु तथा सेवाग्राही संस्थाहरूमा सरकारी क्षेत्र देखि नागरिक समाजका सङ्घसंस्था र निजी क्षेत्रसम्मका विभिन्न सरोकारवालाहरू रहनेछन्। जवाफदेही र पारदर्शी विकास प्रक्रियाका लागि उनीहरू पनि समान रूपले जिम्मेवार छन्। एस.एन.भी.का परामर्शदाताहरूले विभिन्न सरोकारवालाहरू बीच सम्वाद सहजीकरण र सम्बन्धको विकास गर्ने काम गर्नेछन् र अनुगमनका लागि प्राविधिक सहयोग उपलब्ध गराउनेछन्। यो सहस्राब्दी विकासका लक्ष्य(एमडिजी) हरू अनुरूपको राष्ट्रिय रणनीतिक योजनाको समग्र सन्दर्भ भित्र रहनेछ, जसको उद्देश्य बहिष्कृत समुदायहरूसहित गरिब जनताको गुणस्तरीय आधारभूत सेवाहरूमा पहुँच बढाउने, र उत्पादन, आय तथा रोजगार बढाउने रहेको छ।

चेपाङ जातिसँग काम गरेर एस.एन.भी. नेपालले आधारभूत अधिकार प्रत्याभूत गर्नु भनेको बहिष्कृत समूहहरूलाई सशक्त तुल्याउने कार्यको एउटा अत्यावश्यक पक्ष हो भन्ने कुरा सिकेको छ। यसका अतिरिक्त आफ्नो गाउँस्तरीय आधारहरूलाई बलियो बनाउने समुदायहरूमा प्रभावकारी र विस्तृत पहुँच सुनिश्चित गर्नका लागि महत्वपूर्ण सञ्जालस्थापित भएको पनि देखिएको छ।

यी कुराहरूलाई अन्य बहिष्कृत समूहहरूलाई सहयोग गर्ने प्रवेश विन्दुका रूपमा प्रतिस्थापन गरियो। प्राथमिक समीक्षाको चरणमा रहेता पनि एस.एन.भी.ले आफ्नो क्षेत्रमा आधारित अवधारणामा कर्ताहरूको विभिन्न मिश्रणलाई प्रोत्साहित गर्ने प्रयास गरिरहेको छ। उदाहरणका लागि दलित गैससहरूले दैनिक खानेपानीमा

पहुँचको अधिकारको दावी गर्ने आशा गर्न सकिन्छ भने अन्य गैससहरूले प्राविधिक सीपको माध्यमबाट दावी गर्ने प्रक्रियालाई समर्थन गर्दछन्। चेपाङहरूको कथामा त्यस प्रकारका प्रयासहरू प्रायः केही निश्चित जिल्लाहरूमा मात्र सीमित हुने गरेका थिए तर अब एस.एन.भी.ले वकालत सम्बन्धी कार्यक्रमहरूलाई राष्ट्रिय स्तरसम्म सम्बन्धित गराउने प्रयास गर्दै राष्ट्रिय सूचकहरूमा त्यसको योगदानलाई जोड दिनेछ।

बहिष्कृत समूहहरूसँग एक दशकभन्दा लामो समय काम गरेको हाम्रो अनुभव तथा सिकाईहरूको आधारमा त्यस प्रकारको अवधारणाको सुरुवात प्रत्येक क्षेत्र (वा भौगोलिक क्षेत्र) र प्रायः क्षेत्रहरूभित्र र बाहिर असन्तुलित शक्ति सम्बन्धको चिरफारबाट हुनुपर्ने कुरामा जोड दिइनेछ। त्यसपश्चात बहिष्कृत व्यक्तिहरूको सशक्तीकरणलाई सम्बोधन गर्ने सहयोग तथा कार्यक्रमहरूको विकास गरिनुपर्दछ। विभिन्न क्षेत्रहरूसँग सम्बन्ध स्थापित गरेर बहिष्कृत व्यक्तिहरूको रोजाइ/विकल्पहरूको प्रवर्द्धन तथा वृद्धि गर्न एस.एन.भी.ले उनीहरूको विचारलाई बढी कदर गर्नेछ। यसमा समावेशी तथा समतामूलक विकासको सम्पूर्ण प्रक्रियामा उनीहरूको सहभागितालाई प्रोत्साहित गर्ने कुरा समावेश हुनेछ। एस.एन.भी.का साझेदारहरु तथा सेवाग्राही संस्थाहरूमा सरकारी क्षेत्र देखि नागरिक समाजका सङ्घसंस्था र निजी क्षेत्रसम्मका विभिन्न सरोकारवालाहरू रहनेछन्। जवाफदेही र पारदर्शी विकास प्रक्रियाका लागि उनीहरू पनि समान रूपले जिम्मेवार छन्। एस.एन.भी.का परामर्शदाताहरूले विभिन्न सरोकारवालाहरू बीच सम्वाद सहजीकरण र सम्बन्धको विकास गर्ने काम गर्नेछन् र अनुगमनका लागि प्राविधिक सहयोग उपलब्ध गराउनेछन्। यो सहस्राब्दी विकासका लक्ष्य(एमडिजी) हरू अनुरूपको राष्ट्रिय रणनीतिक योजनाको समग्र सन्दर्भ भित्र रहनेछ, जसको उद्देश्य बहिष्कृत समुदायहरूसहित गरिब जनताको गुणस्तरीय आधारभूत सेवाहरूमा पहुँच बढाउने, र उत्पादन, आय तथा रोजगार बढाउने रहेको छ।

# अन्त्य

वि.सं. २०६४ असोज/कात्तिकमा नेपाल चेपाङ सङ्घले विकास सहयोगका लागि अन्तरचर्च सङ्गठन (आई.सी.सी.ओ.) सँग अनुदान सहयोगका लागि दुई वर्षको सम्झौता गर्‍यो । नयाँ परियोजनाले प्रचलित समूहहरू जस्तैः बचत तथा ऋण समूह वा विद्यालय व्यवस्थापन समितिको परिचालन गरेर सङ्घको गाउँस्तरीय शाखाहरूको क्षमता विकास गर्ने उद्देश्य लिएको छ। यसले उनीहरूको पहुँचमा सुधार ल्याउन र गाउँ विकासलाई अझ बढी समावेशी तरिकाबाट अगाडि बढाउन मद्दत गर्नेछ । संक्षेपमा यो तालिमप्राप्त युवा चेपाङ कार्यकर्ताहरूबाट चेपाङ गाउँलेहरूका लागि सञ्चालित एउटा क्षमता अभिवृद्धि परियोजना हो ।

नयाँ परियोजना उपसमितिहरूबाट व्यवस्थित पाँच प्रमुख क्षेत्रहरूमा सञ्चालित छ :
१) संस्कृति,
२) शिक्षा र स्वास्थ्य,
३) भूमि अधिकार अभियान,
४) सूचना, सञ्चार र प्रकाशन, र
५) स्रोत पहिचान तथा व्यवस्थापन

सङ्घका जिल्ला शाखाहरूले राम्रोसँग तालिम प्राप्त सामुदायिक परिचालकहरूको माध्यमबाट गाउँस्तरीय शाखाहरूलाई सुदृढ तुल्याउने काम गर्नेछन् । स्रोत पहिचान तथा परिचालन उपसमितिको उद्देश्य योजना गरिएका परियोजना क्रियाकलापहरूलाई बढाउँदै लैजानका लागि स्रोत परिचान गर्न दातृ संस्थाहरूसँग समन्वय गर्दै सङ्गठनात्मक तथा योजनाको दिगोपना हासिल गर्ने प्रयास गर्नु रहेको छ। परियोजनाको सम्पूर्ण व्यवस्थापनका लागि सङ्घ जिम्मेवार हुनेछ भने माथि उल्लिखित क्षेत्रहरूमा प्राविधिक विशेषज्ञता प्राप्त गैससहरूलाई निश्चित कार्यको आधारितमा परिचालित गरिनेछ । गैसस र सरकारी निकायहरूसँग काम गरेको सङ्घसँग पर्याप्त अनुभव रहेको हुनाले उनीहरूसँगको द्विपक्षीय सम्बन्धलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्ने कुरामा विश्वस्त छ । परियोजनाको अवधारणागत तयारीको प्रारम्भिक चरणमा एस.एन.भी.का सल्लाहकारहरु संलग्न भए तापनि, एस.एन.भी.को परामर्शजन्य सेवाहरूको प्रावधान विना नै साझेदारीलाई निरन्तरता दिन सङ्घले आइसिसिओलाई विश्वासमा लिइसकेको छ। सङ्घमा आफैँ अघि बढ्न सक्ने आत्मविश्वास रहेको हुनाले सामान्य क्षमता अभिवृद्धिमा थप सहयोग आवश्यक नरहेको एस.एन.भी.का सल्लाहकारहरूको विश्वास रहेको छ । यो खुशीको कुरा हो, तथापि चेपाङ समुदायले तय गर्नु पर्ने बाटो अझ निकै लामो छ । तर कम्तीमा पनि स्थायी आधारहरू सफलतापूर्वक हासिल गरिएको सबैले स्विकार्छन् । वास्तविक रूपमै दिगो बनाउने हो भने सशक्तीकरण र विकास दीर्घकालीन प्रक्रियाहरू हुन् ।

## सन्दर्भ सामग्रीहरू

Bhattachan, K. B., Gurung, O., Gurung, S. M., Kayastha, N. L., Kirant, J. and Yonjan-Tamang, A. 2005. *Rapid Appraisal on Livelihood Analysis and Need Assessment of Highly Marginalized Janajatis*

Bhattarai, T. R., Pradhan, S. and Ghimire, G. 1995. *Chepangs, Resources and Development*, Kathmandu: SEACOW and SNV Nepal

Bista, D. B. 1996. *People of Nepal*, Kathmandu: Ratna Pushtak Bhandar (First edition published in 1967)

CAED and NCA, 2005, *Education for All Chepangs - Where are they?: Report of a survey*

CDO and NCA, 2007. *Exploratory Research on Effects on Mining Industries on Chepang Indigenous Nationalities*

Chapman, Jennifer. 2005. *Rights-Based Development: The Challenge of Change and Power,*
http://www.gprg.org/pubs/workingpapers/pdfs/gprg-wps-027.pdf (accessed on 30 January 2008)

जितेन्द्र चेपाङ २०५८। "मेरो आत्मा कथा ", चेपाङ आवाज, वर्ष १ अङ्क १,
सन्तबहादुर चेपाङ २०५८। "चेपाङहरूको स्थिति" चेपाङ आवाज , वर्ष १ अङ्क १,

Chhetri, N. S., Ghimire, S., Gribnau, C., Pradhan, S. and Rana, S. 1997. *Can Orange Trees Blossom on a Barren Land: Identification of Development Potentials of Praja Communities in Chitwan District*, Chitwan: PCDP

DFID and The World Bank, 2006. “Unequal Citizens: Gender, Caste and Ethnic Exclusion in Nepal”, Summary, Kathmandu: DFID and The World Bank

Gribnau, Carol. 2008. *On-line comments* (4 February 2008)

FORWARD, 2007, *Chepang Mainstreaming Programme Project Completion Report (2004-2007)*

GON/NPC and UNDP, 2006, *Millennium Development Goals Needs Assessment for Nepal*

Höfer, Andras. 2004. *The Caste Hierarchy and the State in Nepal: A study of the Mulki Ain of 1954*. Kathmandu: Himal Books. (First edition published in 1979)

Kamerbeek, Sandra and Rizal, Kanta. 2000. *Challenge to Break the Culture of Silence Perception of SNV Partner Organizations on SNV's Organizational Strengthening Support*

Keulen, Rik van. 2007. *Karnali Dalit NGOs and SNV Nepal Together for G4E?*

Kirant, J., Lama-Tamang, M. S. and Prakash, M. R. 2003. *Mid-Term Review of Praja Capacity Development Programme* (PCDP2-MTR)

Kirant, J., Singh, K., Regmi, H. R. and Tanaka, M. 2006. *Mid-Term Review Chepang Mainstreaming Programme* (CMP-MTR)

NCA, 2007, *Chepang Mainstreaming Programme Final Progress Report (2004-2007)*

Rana, Sanjay. 2007. *On-line interview* (19 September 2007)

Regmi, Raghav. R. and Bliek, Julie A. van der. 1999. *Mid-Term Review Praja Community Development Programme* (PCDP1-MTR)

Shrestha, Rajesh. 2007. *On-line interview* (29 November 2007)

SNV. 2002. *SNV's Advisory Practice: Emerging Lines, The Hague: SNV*

SNV Nepal. 2006. *Draft Strategy on Social Inclusion and Gender Equity (SIGE)*

SNV Nepal. 2007. *Strategic Plan 2008 - 2009*

SNV Nepal Mid West Portfolio. 2006. *Capacity Development Dalit Organisation in Karnali, Nepal: Empowerment to Exercise Rights*, http://www.snvworld.org/irj/go/km/docs/SNVdocuments/RALG%20Nepal%20Capacity%20Building%20of%20Dalit%20NGOs.doc (accessed on 30 January 2008)

Thornton, P., Thapa, R. and Shrestha, A. 2007. *Country Programme Evaluation SNV Nepal 2003- 2006*

चार्ट २ : चेपाङ वासस्थान जिल्लाहरू (नेपालको नक्शा)




## वेबसाइटहरू

Centre for Agro-Ecology Development / School for Ecology, Agriculture and Community Works (CAED/SEACOW) http://www.alternatives.org.np

Community Development Organisation (CDO) http://www.cdo.org.np

Forum for Rural Welfare and Agriculture Reform for Development (FORWARD) http://www.forwardnepal.org

National Foundation for Development of Indigenous Nationalities (NFDIN) http://nfdin.gov.np

Nepal Federation of Indigenous Nationalities (NEFIN) http://nefin.org.np

**नेपाल चेपाङ. संघ** नेपालका बिभिन्न आदिवासीरजनजाति मध्ये चेपाङ. पनि एक हो । हाल सम्म पहिचान तथा सूचिकृत भएका ५९ जनजातिहरुलाई २०६१ सालमा नेपाल आदिवासी जनजाति महासंघले गरेको ५ वटा वर्गिकरणमा चेपाङ. जनजाति अन्तिम बाट दोस्रो अर्थात अति सिमान्तकृत समुहमा पर्दछ ।

नेपाल चेपाङ. संघ चेपाङ.हरुको हक, हित र अधिकारको साथै आफ्नो भाषा, संस्कृति, धर्म, परम्परागत सीप आदिको संरक्षण र संबर्द्धन गर्न लागि पर्ने सम्पूर्ण चेपाङ.हरुको साझा तथा प्रतिनिधिमूलक संस्था हो । यो संस्था काठमाण्डौं जिल्ला प्रशासन कार्यालयमा २०५५ सालमा बिधिवत् दर्ता तथा समाज कल्याण परिषदसंग २०५७ सालमा आवद्ध भई कार्यरत छ । नेपाल चेपाङ संघ, आदिवासी जनजाति महासंघ, आदिवासी उत्थान राष्ट्रिय प्रतिष्ठान तथा आदिवासी जनजातिहरुको अन्य साझा सवालमा सहकार्य गर्ने अन्य बिभिन्न संघरसंस्थाहरुसंग पनि आवद्ध छ ।

SNV
Connecting People's Capacities

**नेदरल्याण्डस् बिकास नियोग (एस.एन.भी)**, एसएनभी नेदरल्यान्ड्समा मुख्यालय रहेको अन्तरराष्ट्रिय विकास संस्था हो । यसले एसिया, अफ्रिका, ल्याटिन अमेरिका र बाल्कन राज्यहरूका ३३ देशहरुमा कार्यरत आफ्ना २,००० भन्दा बढी सर कारी, नागरिक समाज र निजी क्षेत्रका संस्थाहरूलाई क्षमता अभिवृद्धिको लागि सल्लाहकारिय सेवाहरू प्रदान गर्दछ । एशियामा एस. एन. भी. नेपाल, भियतनाम, भुटान, लाओस, क्याम्वोडिया र वंगलादेशमा कार्यरत छ । एस. एन. भी. नेपालको मूख्य उद्धेश्य दुई वटा क्षेत्रमा विकासको प्रभाव हासिल गर्नु रहेको छ ( ती हुन् १) उच्च गरिवी न्यूनिकरणका लागि नगदेवाली, गरिव लक्षित दिगो पर्यटन र काठ र गैर काष्ठ वन पैदावरबाट उत्पादन, रोजगारी र समतामूलक आय आर्जनमा बृद्धि गर्नु हो र २) स्वास्थ्यको लागि खाने पानी र सरसफाई तथा नविकरण उर्जा मार्फत आधारभूत सेवा आपूर्तिमा पहुँच बढाउने र सेवा क्षेत्र तथा गुणस्तरमा यसको सुधार ल्याउनु हो ।

*विस्तृत जानकारीका लागि एस. एन. भी को वेवसाइट www.snvworld.org मा सम्पर्क गर्नु होस् ।*

SNV
Connecting People's Capacities

**एस. एन. भी. नेदरल्याण्डस् बिकास नियोग**
बखुनडोल, ललितपुर, नेपाल
पो. बक्स १९६६, काठमाण्डौं नेपाल
फोन न.: ५५२३४४४
फ्याक्स: ५५२३१५५
ईमेल: nepal@snvworld.org

**नेपाल चेपाङ संघ**
पुल्चोक, ललितपुर नेपाल
पो. बक्स ८९७५, ई. पि. सी. ९८४
फोन न.: ५५३९१४१
ईमेल: chepang@wlink.com.np